राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००/- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५४०६१४९, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

जसपालाई दल दर्ताको प्रमाणपत्र प्राप्त

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा)ले निर्वाचन आयोगमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको छ । आइतबार दिउँसो निर्वाचन आयोगले उक्त दल दर्ता भएको प्रमाणपत्र जसपालाई प्रदान गरेको हो । जसपाका नेता शिवजी यादव र केशव झाले दल दर्ता भएको प्रमाणपत्र बुझेका छन् । निर्वाचन आयोगको गत बुधवार बसेको बैठकले जसपा दर्ता गर्ने निर्णय गरेको थियो । गत वैशाख १० गते समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भई जसपा गठन गर्ने सहमति भएको थियो । एकीकरण घोषणा भएको जसपाले दल दर्ताका लागि जेठ २५ गते आयोगमा आवश्यक कागजात बुझाएको थियो ।

राजपा र समाजवादी पार्टी एकीकरण भएपछि अब आयोगमा दर्ता भएका १३१ दल भएका छन् । जसपाको सहमति अनुसार पार्टीको केन्द्रीय कार्यकारिणी समिति अध्यक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव रहेका छन् । पार्टीका वरिष्ठ नेताद्वयमा अशोककुमार राई, डा. बाबुराम भट्टराई र राजेन्द्र महतो रहेका छन् । तत्कालका लागि ३० सदस्यीय कार्यकारिणी सदस्य घोषणा गरिएको छ ।

विपद अनुगमन व्यवस्थापन समिति गठन

जनकपुरधाम । प्रदेशमा बाढी पहिरोबाट भएका क्षतिको अगुमन गर्दै पीडितलाई राहत लगायतको व्यवस्थापनको लागि प्रदेश सरकारले मन्त्रीस्तरीय विपद अनुगमन व्यवस्थापन समिति गठन गरेको छ ।

मन्त्रिपरिषद्को मंगलबार सम्पन्न बैठकले भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलको संयोजकत्वमा आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादव र उद्योग वन पर्यटन तथा संस्कृतिमन्त्री राम नरेश राय सदस्य रहने गरि तीन सदस्यीय समिति गठन गरेको छ ।

उक्त समितिलाई हालै प्रदेशको आठ वटै जिल्लामा आएको बाढीबाट भएको क्षतिहरुको स्थलगत निरीक्षण अनुगमन गरि पीडितलाई उपलब्ध गराउनु पर्ने राहत तथा अन्य मर्मत सम्भार जस्ता कार्यहरुको सिफारिस प्रदेश सरकारलाई गर्ने जिम्मेवारी दिइएको छ ।

समितिले गरेको सिफारिसको आधारमा प्रदेश सरकारले पीडित परिवारहरुलाई राहत उपलब्ध गराउने छ ।

विद्यापति पुरस्कारको बेथिति : पुरस्कार सेवामुखीभन्दा प्रचारमुखी बढी

मधेशवाणी डेस्क

काठमाडौं । नेपाल सरकारले स्थापना गरेको मैथिली भाषाको सबैभन्दा ठूलो राशिको विद्यापति पुरस्कार हो । मैथिली भाषा र साहित्यको उन्नयनको क्षेत्रमा यो पुरस्कारको महत्व र गरिमा धेरै छ । मैथिली भाषा, कला, साहित्य संस्कृतिमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई पुरस्कृत गर्ने उद्देश्यले नेपाल सरकारले २०६८ साल कार्तिक १८ गते नेपाल विद्यापति पुरस्कार कोषको स्थापना गरेको हो । यहि कोषमार्फत अहिलेसम्म ३० जना श्रष्टा पुरस्कृत भइसकेका छन् ।

विद्यापति कोषद्वारा कुल ५ वर्गमा पुरस्कार वितरण गरिदै आएको छ । नेपाल विद्यापति मैथिली भाषा-साहित्य पुरस्कार, जसको राशि रु. २ लाख, अनुसन्धानका लागि राशि रु. १ लाख, कला-संस्कृतिका लागि राशि रु. १ लाख, अनुवादका लागि राशि रु. १ लाख र पाण्डुलिपिका लागि राशि रु. १ लाख दिइदै आइएको छ ।

२०६५ सालमा भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा बजेट विनियोजन गरी विद्यापति विकास कोषको स्थापना गरिएको थियो । उक्त विकास कोषले २०६८ सालमा कार्यविधि बनाएर पुरस्कार वितरणको काम शुरु गरेको हो । मैथिली भाषा एवाम् साहित्यका लागि यो वरदानमयी पुरस्कार प्रधानमन्त्री डा. बाबुराम भट्टराईको समयमा सुरु भएको हो ।

मिथिलामा पाग सम्मानित पोशाक हो र हरेक सुअवसरमा लगाउने गरिन्छ । तर मैथिली भाषा र साहित्यको पुरस्कार ग्रहण गर्दा पुरस्कृत व्यक्ति नै पागलाई बेवास्ता गरी अपमान गरेका छन् ।

कोष स्थापना भएको पहिलो वर्ष २०६८ सालमा डा. राजेन्द्र प्रसाद विमल, रंजु झा, डा. रामावतार यादव, परमेश्वर कापडी र डा. रामदयाल राकेश पुरस्कृत भएका हुन । वर्ष २०७६ मा विद्यापति पुरस्कार कोषले २ लाख राशि रहेको पुरस्कार साहित्यकार चन्द्रशेखर उपाध्यायलाई प्रदान गरेको छ । धनुषा रघुनाथपुरका उपाध्यायलाई सुदामा चरित्र नामक मैथिली खण्डकाव्यका लागि पुरस्कृत गरिएको छ । त्यस्तै नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार सुनसरीका शिवनारायण पण्डितलाई प्रदान गरिएको छ । उनले काली सूर्य नामक नेपाली भाषाको उपन्यास मैथिली भाषामा अनुवाद गरेका छन् ।

नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कार धनुषा जनकपुरधामका पत्रकार उपेन्द्र भगत नागवंशीलाई प्रदान गरिएको भने नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कार सप्तरीका दिनेश यादवलाई प्रदान गरिएको छ । यस्तै नेपाल विद्यापति मैथिली कला संस्कृति पुरस्कार धनुषा धनौजीका लक्ष्मण मण्डललाई प्रदान गरिएको छ । यी पुरस्कारहरुको राशि जनही एक लाख रुपैयाँ रहेको छ ।

विवादमा छनोट

विद्यापती पुरस्कारकोषद्वारा दिइने पुरस्कार पटक पटक विवादित बन्दै आएको छ । भर्खरै २०७६ का लागि प्रदान गरिएको पुरस्कारमा कोषद्वारा पाँच विधामा पुरस्कार प्रदान गर्न गठित छनोट समिति नै कोषको नियमावली विपरित गठन भएको र मनपर्दी रुपमा आफना नातागोतामा पुरस्कार बाँडेको आरोप लागेको छ । छनोट समितिले समावेशीतालाई ध्यानमा नराखी एक तर्फीरुपमा गरिएको निर्णयले पुरस्कार वितरण विवादित बनेको छ ।

विद्यापति पुरस्कार कोष सञ्चालन सम्बन्धि कार्यविधिको दफा ८ क र ख मा पष्ट उल्लेख गरिएको छ कि पुरस्कार चयन समिति विशिष्ठ योगदान पुऱ्याएका सर्जक, संस्था वा अध्येताको नाम, उनको दीर्घ सेवालाई दृष्टिगत गरी पुरस्कारको लागि सिफारिस गरिने छ । त्यसैगरि चयन समितिमा पुरस्कृत हुने विषय क्षेत्रगत विज्ञताको प्रतिनिधित्व हुनुपर्ने जरुरी रहेको छ । साथै विज्ञहरु यस्तो हुनुपर्ने हो जसले सम्बन्धित विषय र क्षेत्रमा सम्मानित स्थान प्राप्त गरेको होस् । यस्ता व्यक्तिहरुलाई मात्र चयन समितिमा राख्नु पर्ने निर्देश गरिएको छ । तर कोषले नियम मिचेर कला, संस्कृति, साहित्य क्षेत्रका अध्येता नरहेका व्यक्तिहरुलाई छनोट समितिमा राखेर पुरस्कारको अपमान गरेको मैथिली भाषाका विज्ञहरुले दुखेसो पोखेका छन् ।

मुद्दै मुद्दा

साहित्यकार डा. राजेन्द्र विमललाई २०६८ सालमा भाषा साहित्य पुरस्कारबाट पुरस्कृत गरियो । तर, उनलाई दिइएको पुरस्कारको चयन प्रक्रिया पारदर्शी नभएको भन्दै अदालतमा कोषलाई विपक्षी बनाएर मुद्दा पऱ्यो । २०६९ सालमा लेखक तथा साहित्यकार रामभरोष कापडीलाई पुरस्कार दिइयो । कोषको यो निर्णयलाई पनि चुनौती दिँदै अदालतमा मुद्दा पऱ्यो ।

२०७० सालमा विद्यापति कोषले डा. रेवतीरमण लाललाई भाषा साहित्य पुरस्कारबाट पुरस्कृत गऱ्यो/ । उनीमाथि पनि अदालतमा मुद्दा परेको कारण पुरस्कार विवादित हुन पुग्यो । २०७१ सालमा रामानन्द युवा क्लबलाई कोषले विद्यापति पुरस्कार प्रदान गर्दासमेत अदालतमा मुद्दा पऱ्यो । मिथिला नाट्यकला परिषदलाई ईई लाख राशिको भाषा साहित्य पुरस्कार दिँदासमेत अदालतमा मुद्दा परेको थियो ।

बाँकी अन्तिम पृष्ठमा

मधेशी आयोगलाई संसदीय समितिको निर्देशन

काठमाडौं । प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिले मधेशी आयोगबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०७६ मा अनियमितता भएको जनगुनासो आएकले लिखित रुपमा सबै विवरण उपलब्ध गराउन निर्देशन दिएको छ । समितिले मधेशी समुदायको हितलाई केन्द्रमा राखी ठोस योजना बनाएर काम गर्न पनि मधेशी आयोगलाई निर्देशन दिएको हो । समितिले सामाजिक एवं सांस्कृतिक कुरीतिबाट प्रभावित मधेशी समुदायको कुहत्तर हितका लागि आयोगले कार्ययोजना बनाई कार्यान्वयन गर्न नसकेको भन्दै गम्भीरतापूर्वक ठोस योजना बनाई काम गर्न निर्देशन दिएको छ । समितिको मंगलबारको बैठकमा मधेशी आयोगका अध्यक्ष डा. विजयकुमार दत्तसँग आयोगको वार्षिक प्रतिवेदन २०७६ माथि छलफल गरेपछि समितिका सभापति निरुदेवी पालले गम्भीरता पूर्वक एकीकृत नीति बनाई काम गर्न निर्देशन दिइन् । उनले भनिन् 'सामाजिक एवं सांस्कृतिक कुरीतिबाट बढी नै प्रभावित यो समुदायको कुहत्तर हित एवं समुल उत्थानका लागि आयोगले एकीकृत नीति रणनीतिसहित अल्पकालीन एवं दीर्घकालीन कार्ययोजना बनाई कार्यान्वयनमा लैजान समिति मधेशी आयोगलाई निर्देशन गर्दछ ।' बैठकमा मधेशी आयोगका अध्यक्ष दत्तले आयोगले गरेका कुनै पनि कार्यक्रममा आर्थिक अनियमितता नगरिएको भन्दै समितिलाई अनियमितता पत्ता लगाउन च्यालेन्ज दिए ।

समय सन्दर्भ — **रामचन्द्र मण्डल**

प्रदेश २ को सरकारमा विज्ञताको अभाव

प्रदेश २ को बजेट विगतका वर्षहरुमा हामीले विरोध जनाएका थिएनौं र सर्वसहमतले पारित गर्ने गरेका थियौं । हामी सुरुमा हेरयौं कि संघीय भर्खर आएको छ, यसलाई कसरी परिपक्क बनाउने, स्थायीत्व दिनका लागि नै विरोध जनाएनौं । मधेशवादी दलहरुले जसरी गडबड गर्दै आएको छ, त्यस आधारमा हिजो गडबडी गर्दा पनि संघीयताको स्थायित्वका लागि हामीले समर्थन गर्दै आएका थियौं र सर्वसहमतिबाट पारित गर्दै आएका थियौं । त्यसपछि उहाँहरुको मनोबल बढ्दै गयो र एकाधिकार कायम गर्न खोजे । मनोगत हिसाबले पनि बजेटहरु ल्याउन थाले । कुनै पनि गौरवका योजनाहरुमा केन्द्रित भएनन् बरु फिना मसिना वस्तुहरुमा कनिका छरेजस्तै बजेटहरु छर्न थाले । यस पटकको नीति कार्यक्रममा हामीले जति विरोध गरे पनि कुनै सुधार हामीले देखेनौं । त्यसकारण यसपटक हाम्रो धैर्यताको बाँध टुट्यो । हुन्छ वा हुन्न भन्दा पनि भोटिङ्कै माग गरेर हामीले विरोध जनायौं ।

बजेटको सबभन्दा मुख्य कुरा प्राथमिकता निर्धारण गर्ने विषयवस्तु हुन्छ । नीति तथा कार्यक्रममा कृषिलाई प्राथमिकता दिइएको थियो । यद्यपि अहिले कोरोना महामारीको कहर छ । कोरोना महामारीलाई अहिले प्राथमिकता दिनुपर्दथ्यो । तर, त्यहाँ कृषिलाई प्राथमिकता दिने काम गरियो । कृषिलाई पनि उत्पादन सम्बन्धलाई निर्वाहमुखीको कसरी क्रमभंगता गर्ने, पुंजीवादी सम्बन्धसँग कसरी जोड्ने, त्यसलाई औद्योगिकरणतर्फ कसरी लाने जस्ता कुनै पनि कार्यक्रम हामीले देखेनौं । त्यस्तै, प्रदेश २ का लागि सबभन्दा मुख्य समस्या भनेको चुरे समस्या हो । चुरे पहाड एकदमै कोमल हो, अलिकति पनि दायाँ बायाँ हुने वित्तिकै पूरै भरेर जान्छ । बालुवा गिट्टीका कारणले तलका कृषियोग्य जग्गाहरु मरुभूमि हुने स्थिति बन्दैछ । त्यसको व्यवस्थापन कसरी गर्ने, त्यसको बारेमा कुनै सोच अहिलेसम्म देखिएको छैन । त्यसको लागि दुई करोड रुपैयाँ मात्रै छुट्याएको छ । बजेटमा पर्यटनको क्षेत्रलाई पनि मुख्य बनाएको छ । सडकबै क्षेत्रहरुलाई अहिले मुख्य बनाएको छ । यता, कोरोना केन्द्रित कार्यक्रमहरु हुनुपर्दथ्यो, ती कुराहरु छैन । बेटी बचाउ बेटी पढाउ अभियान, स्वच्छता र सरसफाइ अभियानहरु ल्याइएको छ । त्यसमा पनि मन्त्रीहरुले आफ्नो जिल्लामा केन्द्रित गर्ने, आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित गर्ने, मुख्यमन्त्रीले पनि आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित गर्ने, सभामुखलाई पनि आफ्नो अनुकूलतामा ल्याउनका लागि सभामुखको निर्वाचन क्षेत्रमा विकासका योजनाहरुका लागि बजेट छुट्याउने लगायतका कार्यक्रमहरु मात्रै छन् । यी सबैबाट मिलिजुली खाउ प्रवृत्ति देखियो । त्यसकारण यसबाट प्रदेशको समृद्धि हासिल गर्न सकिन्न भन्ने हाम्रो ठहर भयो । त्यो ठहरकै आधारमा बजेटलाई परिमार्जन गरेर ल्याउनुस् भन्यौं । तर, बजेट परिमार्जन गर्ने स्थिति नदेखेपछि हामी भोटिङ्का लागि तयार भयौं र विपक्षमा भोटिङ्ग गऱ्यौं । उगीहरुसँग बहुमत छ, बहुमतले पास गरे । तैपनि सार्वजैविक विरोधका लागि हामी विपक्षमा उभ्यौं ।

मुख्यमन्त्रीले आफ्नो जिल्लामा रहेको पोखरिया अस्पताललाई जिल्ला अस्पतालको रुपमा रुपान्तरण गर्नुभएको छ । सप्तरीका एक जना मन्त्रीले आफ्नो क्षेत्रमा रहेको भारदह अस्पतालमा बजेट छुट्याउनुभएको छ । तर अन्य ठाउँमा स्वास्थयको लागि बजेट छुट्याइएको छैन । अन्य जिल्ला अस्पतालहरुमा बजेट छुट्याइएको छैन । जहाँ जसको प्रभाव छ, त्यसकै आधारमा बजेट छुट्याएकोले समस्या भएको छ । केरोनालाई रोकथाम गर्न अहिले पनि जिल्लाहरुमा समस्या आइरहेका छन् । क्वारेन्टाइन, पीसीआर, भीटीएमका समस्याहरुमा सरकार केन्द्रित हुनुपर्दथ्यो । त्यसकारणले हामीले निष्कर्ष निकाल्यौं कि जसरी यो सरकारले प्राथमिकताका आधारमा बजेट निर्धारण गर्नुपर्ने थियो त्यसमा पूर्ण असफल देखिन्छ ।

मुख्यरुपमा बजेटमा कसरी प्राथमिकता निर्धारण गर्ने, बजेटका अन्तरवस्तुहरुलाई कसरी व्यवस्थित गर्ने, आन्तरिक स्रोतहरुलाई कसरी व्यवस्थापन गर्ने, आन्तरिक राजस्व कसरी बृद्धि गर्ने लगायतका कुरामा सरकारको विज्ञताको अभाव देखिन्छ । यसपटककै बजेटमा किसानलाई मार्ने खालको बजेट ल्याएको छ । रजिष्ट्रेशन शुल्क एकदमै आकाशिने गरी बढाइदिएको छ । यसरी हामीले नियाल्दा इकोनोमिष्टले ल्याउने बजेटको आधारलाई नमानेको देख्छौं । न त यो बजेट आधार बनाउन सकेको छ, न त यसले सुपर स्ट्रक्चर नै निर्माण गर्न सकेको छ । त्यसकारणले हामीले बजेटलाई समग्रमा हेर्दा कनिका छरेजस्तै देखिएको छ । हाम्रो आन्तरिक स्रोतहरु व्यवस्थित छैन, आम्दानीका स्रोतहरु स्पष्ट पारिएको छैन तर साइकल वितरण गरेर, छोरी बीमा गरेर, स्वच्छता अभियान, पोखरी सौन्दर्यीकरण गरेर अन्य-अन्यमा बजेट खर्च गर्ने काम भइरहेको छ । जस्तै मठमन्दिरहरुमा बढी जोड दिने, अन्य कुराहरुमा जोड नदिने । अहिले साइन्स र टेक्नोलोजीको युग छ, त्यसलाई नमानेर बजेट ल्याउँदा यसले कुनै किसिमको विकास र समृद्धि आउँछ भन्ने हामीलाई लागेन । त्यसकारणले हामीले यसमा विरोध जनायौं र सर्वसहमतिले पास हुन सकेन ।



सम्पादकीय

प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति

अयोध्या र रामको जन्म भूमिबारेको अभिव्यक्तिले प्रधानमन्त्री केपी शर्मा ओली थप विवादमा तानिएका छन् । प्रधानमन्त्री ओलीले अयोध्यावारे दिएको अभिव्यक्तिको सत्तारुढ र विपक्षीसहित समाजका हरेक वर्गले विरोध र आलोचना गरेका छन् । यअसंघि आफूलाई भारतले प्रधानमन्त्रीबाट हटाउन चलखेल गरेको अभिव्यक्ति दिएर विवादित बनेका ओलीले भारतको चर्को अर्को आलोचना गर्दै 'सत्यमेव जयते कि सिंहमेव जयते' भन्दै टिप्पणी गरेका थिए ।

अहिले फेरि ओली अयोध्या र राम नेपालमै जम्मिएको भन्दै विना प्रमाण बोलेपछि विवादमा तानिएका हुन् । जसको नेपालदेखि भारतसम्म विभिन्न टिकाटिप्पणी र आलोचना भएको छ । यही प्रकरणलाई जोडेर नेकपाकै शीर्ष नेताहरुले प्रधानमन्त्री ओलीको अभिव्यक्ति फिर्ता लिएर आत्मालोचना गर्नुपर्ने बताएका छन् । पार्टी उपाध्यक्ष वामदेव गौतमले प्रधानमन्त्री ओलीलाई अयोध्यावारेको अभिव्यक्ति फिर्ता लिंदै आत्मालोचना गर्न सुझाएका छन् ।

अहिलेको सरकारसँग जसरी विभिन्न योजना र दुईपक्षीय सम्बन्धमा आयामहरु अघि बढेको छन् सरकार फेरिने वित्तिकै त्यसमा केही उतारचढाव आउन सक्छ । हुन त ओली, दाहाल र नेपाल तीन नेतासँग चिनियाँहरुको सम्बन्ध राम्रो छ ।

यता, प्रधानमन्त्रीको अभिव्यक्तिबारे कार्यकारी अध्यक्ष प्रचण्ड हालसम्म मौन छन् । तर हालै ओलीसँगको बान टु बान वार्तामा प्रचण्डले यसविषयमा कुरा राखेको उनी निकट नेताको दावी छ । यद्यपी यसविषयमा खुलेर कुरा नभएको बताइएपनि प्रचण्डले प्रधानमन्त्रीको टिप्पणीले समस्या निम्त्याउन सक्नेभन्दै चिन्ता व्यक्त गरेका थिए ।

यसअघि आफूलाई प्रधानमन्त्रीबाट हटाउन भारतले षड्यन्त्र गरेको ओलीले अभिव्यक्ति दिँदा प्रचण्डले प्रतिवाद गर्दै भारतले नभइ आफूले राजीनामा मागेको बताएका थिए । प्रधानमन्त्री ओलीले हिन्दू पौराणिक ग्रन्थ रामायणमा वर्णन गरिएको रामको जन्मभूमिबारे दिएको विवादास्पद अभिव्यक्तिबारे प्रष्टोक्ति दिँदै परराष्ट्र मन्त्रालयले वक्तव्य जारी गरेर प्रष्टीकरण दिएको छ । उसले प्रधानमन्त्रीको अभिव्यक्ति राजनीतिक नभएको जनाएको छ । यसबाट प्रश्न उठ्छ, आखिर किन यस्तो बोले प्रधानमन्त्री ओलीले ? धर्मनिरपेक्ष भारतका करोडौं हिन्दूको आस्थामा चोट पुऱ्याउने गरी त्यसरी बोल्नुको उद्देश्य के हो ?

प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति र परराष्ट्रको प्रष्टोक्ति दुवैले मुलुकको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको छ । मुलुकको प्रमुख कार्यकारीकै अभिव्यक्ति राजनीतिक नहुने हो भने देशको तर्फबाट कसको बोलीलाई राजनीतिक र आधिकारिक मान्ने त?

२०७२ सालमा भारतले नेपालमाथि गरेको नाकाबन्दी विरुद्ध लिएको अडानले प्रधानमन्त्री ओलीको 'राष्ट्रवादी नेता'को छवि निर्माण गरेको थियो । त्यसयता उनका कतिपय कदम 'राष्ट्रवादी' देखिने चाहनाबाट प्रभावित देखिँदै आए । यसबाहेक आफूलाई अप्ठेरो पर्दा उनले 'राष्ट्रवाद'कै सहारा लिन थाले । त्यसका लागि सार्वजनिक रूपमा चर्को स्वरले भारतको विरोध गर्न शुरू गरे । यहाँसम्म कि पछिल्लो पटक त उनले आफूलाई भारतले प्रधानमन्त्रीबाट हटाउन खोजेको विवादास्पद अभिव्यक्ति पनि दिए ।

प्रधानमन्त्री ओलीले यस्ता अभिव्यक्ति मार्फत आफूलाई निकै हलुका बनाएको टिप्पणी भए पनि धेरैले आफ्नो राजनीतिक लाभका निम्ति उनले दिने गरेका यस्ता अभिव्यक्तिलाई खास महत्व दिने गरेका थिएनन् । तर, यसबाट हौसिएका प्रधानमन्त्री ओलीले भारतको विरोध गर्ने नाममा भारतीय जनताको आस्थामाथि चोट पुग्ने कुरा गर्न थाले ।

त्यसको शुरूआत उनले सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिने क्रममा संसद्बाट गरे । ८ जेठमा संसदमा बोल्दै ओलीले भारतको नामै लिएर 'सत्यमेव जयते कि सिंहमेव जयते?' भन्ने प्रश्न गरेका थिए । भारत सरकार र प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कटाक्षका निम्ति उनले यस्तो बोले पनि त्यसले भारतीय जनताको आस्थामा प्रहार गर्छ भन्ने प्रधानमन्त्री ओलीले हेक्का नै राखेनन् । सुरुमा ओलीले सत्यमेव जयतेबारे उट्पट्याङ बोले । फेरी महामारी जस्तो संवेदनशील विषयमा भारतलाई जोडे । अहिले अयोध्या र रामबारे झन् आपत्तिजनक कुरा गरे । आफूलाई कडा राष्ट्रवादी देखाउने प्रधानमन्त्रीमा सबार भूतले देशलाई राम्रो निश्चय पनि राम्रो गर्दैन ।

प्रधानमन्त्री ओलीका अभिव्यक्तिले मुलुकको विश्वसनीयतामाथि नै प्रश्न उठेको छ । प्रधानमन्त्रीले यस्तो विषय उठाइदिए जसले मुलुक, नेकपा र प्रधानमन्त्रीलाई समेत ठूलो क्षति पुगेको छ । आफू मात्रै राष्ट्रवादी भएको देखाउने होडमा प्रधानमन्त्रीले गम्भीर गल्ती गरेका छन् । अहिलेको अजेण्डा भारतसँग वार्ता हो । नेपालले नक्शा जारी गरिसकेको अवस्थामा कूटनीतिक पहल मार्फत भूमि फिर्ता ल्याउनु मुख्य जिम्मेवारी हो ।

मधेशमा बाढी : नेताको कमाइ खाने भाँडो

डा.राजेश अहिराज

मधेश नेपालको सबभन्दा बढी बाढीग्रस्त भू-भाग हो, जहाँ वर्षात् त्रासको वातावरण सुरु हुन्छ ।

नदी अतिक्रमण, जंगल फडानी, चुरे विनाश, गलत ठाउँमा तटबन्ध निर्माण जस्ता कामले मधेशमा बाढीलाई वर्षेनी उग्र बनाउँदै लगेको छ । बाढीको वेगलाई कसरी धिमा बनाउने, कस्ता छेकबार लगाउने? चासो-चिन्ता यसमा केन्द्रित हुनुपर्छ । तर प्रदेश २ सरकारले अहिलेसम्म यस विषयमा चिन्तन गरेको छैन । यस्तै स्थानीय सरकारहरूले पनि बाढी प्रतिरोधात्मक दिगो शक्ति आर्जनलाई आ-आफ्ना कार्यसूची बनाउन सकेको छैन ।

मधेशका प्रत्येक जिल्लाहरूमा प्राकृतिक प्रकोप व्यवस्थापन समिति छ, तर त्यहाँ आवश्यक तयारी र समन्वय छैन । अब तीन तहको सरकारको परिकल्पना कार्यान्वयनको चरणमा बाढीलगायतका विपत्बारे सबै तहले कार्यभार लिनु परेको छ ।

बाढीको बिगारमा स्वयम् बाढीपीडित पनि जिम्मेवार छन् । नदीको बहाव क्षेत्रमा बसोबास गर्ने, बस्तीको लागि अनुपयुक्त क्षेत्रमा प्लटिङ्ग गरिएका जग्गा किनेर घर ठड्याउने, नदी, पोखरी, इनार मास्ने जस्ता कारणले पनि बाढीको जोखिम बढाएको छ । अब त्यस्ता जोखिम क्षेत्र पहिचान गरेर बस्तीको लागि निषेध गरिनुपर्छ । चुरे बिनाशले बाढीलाई बिनाशकारी बनाएकोमा शंका छैन । अब चुरेदेखि दशगजासम्मका बासिन्दा चुरे संरक्षणमा जुट्नुपर्छ । स्थानीय सरकारहरूले ठेकेदार, कर्मचारीतन्त्र र राजनीतिकर्मीबीचको भ्रष्टाचारी सिन्डिकेट सिध्याउन आफ्ना मतदाताहरूको सहयोग लिनुपर्छ ।

बाढीसँग जोरी खोज्न सकिँदैन, त्यसलाई चिनेर त्यसैसँग बाँच्न सिक्नुपर्छ । बाढीलाई बिनाश होइन, बरदानमा कसरी बदल्ने? त्यो रणनीति आवश्यक छ अब। हाम्रा गाउँशहरको बसोबास, घर र विकासका संरचनाहरू बाढीलाई छेक्ने होइन निकास दिने खालको बनाउनुपर्छ ।

बाढीलाई त्रासदीको रूपमा प्रचार गरेर राजनीति वा कमाउने धन्दा मात्र नगरेर यो आवधिक मनसुनी पानीको व्यवस्थापन, सदुपयोग र जीवन निर्वाहका तौरतरिकामा बदलाव ल्याउन सकियो भने बाढी स्वतः बरदान बन सक्छ ।

नेपालको सम्पूर्ण भूभागको १७ प्रतिशत भाग मधेशले ओगटेकोछ । हरेक वर्ष वर्षात्को समयमा बाढीपहिरो र डुबानबाट सरदर २०० जनाको मृत्यु र २ अर्ब बराबरको धनमालको नोक्सान हुने गरेको एक आँकडाले देखाएको छ । तर पनि यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कार्ययोजना, समस्याको पहिचान र न्यूनीकरणका बारेमा खासै उपलब्धीमूलक काम भएको देखिँदैन ।

वर्षभरि हुनेमध्ये ८० प्रतिशत वर्षा यही ३ महिनाभित्र हुने भएकाले यति बेला मधेशमा बाढीको जोखिम उच्च । यसरी वर्षेपिच्छे दोहोरिने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सरकारले ल्याएको कार्ययोजना, यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी बन्न सकेका छैनन ।

अबिरल वर्षाका कारण उत्पन्न हुने प्राकृतिक विपत्लाई रोक्न सर्वप्रथम स्थानीय सरकारसँग अधिकतम साधन स्रोत हुन जरुरी छ । त्यही निकायमार्फत् नै जोखिम न्यूनीकरण एवं परिचालन गर्न सकेमा मात्र बाढी र पहिरोबाट हुने उच्च प्राकृतिक संकटबाट नेपाली जनताको जीउधनको सुरक्षा गर्न सकिन्छ ।

हरेक वर्ष बाढीपहिरो आउँदा चाहे सत्ता पक्ष होस् वा प्रतिपक्ष नै किन नहोस् दुवैले जनतासमक्ष यसको रोकथामका लागि प्रतिबद्धता जाहेर गर्ने गर्छन् । त्यसैले अब वर्षा सुरु भइसक्यो, यसबाट हुने हानी, नोक्सानी र क्षति कम गर्न हरेक नेतृत्वले गरेको प्रतिबद्धता कार्यान्वयन गर्नु नै पर्दछ ।

मधेशमा बाढी आउनुको मुख्य कारण चुरे बिनाश नै हो । चुरे बिनाशका कारण जमिन कमजोर हुन्छ र त्यसले थोरै पानी परे पनि माटो-बालुवा बगाउँदै तराई मधेशमा लगेर थुपार्छ ।

अर्को समस्या, जथाभावी रुपमा नदी उत्खनन् पनि हो । गिट्टी बालुवाका लागि नदीमा जथाभावी उत्खनन् गरेका कारण नदीको बहाव अनियन्त्रित हुने गरेको विज्ञहरु बताउँछन् । त्यसले गर्दा नदीले आफ्नो बाटो परिवर्तन गरी जथाभावी कटान गर्ने गरेको पाइन्छ ।

विभिन्न सहायक नदीहरु अहिले पुर्रिँदै गइरहेको छ । मान्छेले नदी किनारहरु अतिक्रमण गर्दै नदीसमेत पुर्न थालेपछि नदीबाट बग्ने पानी बस्तीतिर पुग्न थालेको छ । गाउँबस्तीमा रहेका अधिकाँश साना खोला पुरिएका छन् । त्यसमा ठाउँमा कतै खेत बनाइएको छ, कतै बस्ती । त्यसैले पनि त्यस्ता स्थानमा बाढी तथा डुबानको समस्या बढ्ने गरेको पाइन्छ ।

यसपाली नदी नियन्त्रणका लागि ६ अर्ब २० करोड रुपियाँ छुट्याइएको छ । यो बजेट संघीय सरकारको मात्र हो । प्रदेश र स्थानीय सरकारको बजेट छुट्टा छुट्टै हुन्छ । बर्सेनि यही हाराहारीमा बजेट बिनियोजन हुँदै आए पनि अहिलेसम्म कुनै पनि नदी नियन्त्रणमा छैन । यो नदीले बस्ती तथा खेतबारीलाई अब क्षति गर्ने छैन भन्ने गरी कतै पनि भरपर्दो संरचना बनाउन सकिएको छैन ।

ठोस काम नगर्ने, बर्सेनि एउटै काम, एउटै क्षेत्रमा गर्नका लागि बजेट छुट्याइरहने र कर्मचारीदेखि नेतासम्म मिलेर कमिशन लिने प्रवृत्ति देखिएको छ । नदी नियन्त्रण, बाढी रोकथामका नाममा संघ, प्रदेश तथा स्थानीय तहले कमाई खाने गरेको पाइन्छ । बाढी आउने बित्तिकै नेताहरुको दौड शुरु हुन्छ । कोही हेलिकप्टर त कोही गाडी त कोही के के साधन प्रयोग गरेर बाढी प्रभावित क्षेत्रमा पुग्ने गरेका छन् । राहत दिएको फोटो खिचाएर प्रचार गर्ने चलन पनि शुरु भइसकेको छ ।

उद्धार र राहतको नाममा स्थानीय तह तथा प्रदेशले करोडौं रुपियाँ खर्च गर्छन् । त्यो कसले पाउँछ, कसरी पाउँछ, त्यसको लेखा जोखा कसैसँग हुँदैन ।

प्राकृतिक प्रकोप वर्षेपिच्छे आउने गर्छ । यो विषयमा प्रदेश र केन्द्र सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपतलाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू-भाग भएको मधेशमा केही दिनको बर्षाले नै डुबानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउनु गम्भीर भूल हो । बनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारण हो । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो । नदी नियन्त्रण, बृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ ।

बोलीको ठेगान नभएका व्यक्तिलाई कहिलेसम्म सत्ताको बागडोर सुम्पिराख्ने ?

डा.मनोज मुक्ति विवेक

सत्ताको दम्भ र उन्मादमा शासकवर्ग बौलाउँछन् र त्यसले उटपट्याङ हर्कतहरु गर्छन् भन्ने विषयवस्तुहरु पढ्ने र सुन्ने गरेका थियौं । तर हाल आफ्नै देशमा देख्ने, भोग्ने र झेल्ने अवसर यो कमाउनिष्ट पाखण्डी सरकारले जुराइदिएकोले एकदमै दुःखित छु, लज्जाबोध हुँदैछ ।

"भानु जयन्ती" को उपलक्ष्यमा प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित विशेष कार्यक्रममा हाम्रो देशका प्रधानमन्त्री खड्ग प्रसाद शर्मा ओलीले "राम जन्मभूमि" र "माता सिताको विवाह एवं उनका बनवास" को सन्दर्भमा दिएका तथ्यहीन, आधारहीन, कपोलकल्पित, भ्रामक, द्वेषपूर्ण, घृणित अभिव्यक्तिहरु विभिन्न पत्रपत्रिका एवं संचारमाध्यमबाट सुन्दा, हेर्दा र पढ्दा अत्यन्तै दुखी तुल्यायो ।

केही महिनादेखिको प्रधानमन्त्री ओलीको भाषण, विचार, क्रियाकलाप, गतिविधिहरुको सूक्ष्म विश्लेषण गर्दा हामीलाई लागेको छ कि, कहिँ उहाँको मानसिक अवस्था बिगरेको त होईन ? कि उहाँलाई लगभग दुई तिहाइ जनमतको दम्भले आफुलाई देवत्वकरण गर्न लागेको त होईन ? कि उहाँ कतैबाट परिचालित त हुनुहुन्न ? धर्मनिरपेक्षताको आडमा उहाँ कतै नेपालमा धार्मिक युद्धको बिजारोपण गर्न लागि पर्नु भएको त छैन ? कि बहाँ हाम्रो छिमेकी परममित्र राष्ट्र भारतलाई उचालेर फिस्काएर युद्धमा देश र जनतालाई धकेल्न खोज्नु भएको त छैन ? लगायतका अनेकन प्रश्नहरु उब्जिएको छ आज ।

जसको उत्तर हामी प्रधानमन्त्री र प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने पार्टी नेपाल कम्युनिष्ट पार्टीसंग खोज्दै छौं । विद्यावारिधी (Ph.D.) कै उपाधिका लागि जनताको खुनपसिनाले संचित देशको कोष र ढुकुटीबाट करोडौं रकम खर्च गरेर काठमाडौंको ठुलठुला होटेल एवं रिसोर्टहरु बुक गरेर "कृश्चियन सम्मेलन" गराएका ओली र तिनका पार्टीका प्रायःजसो सबै ठुला साना नेता कार्यकर्ताहरुले त्यहीं कार्यक्रममा "होली बाईन" सेवन गरि आफ्नो धर्म परिवर्तन गरेको तथ्य सर्वबिदितै छ । कि त्यही होली बाईनको प्रभाव एवं उन्मादमा उहाँले नेपालको ९०% ॐकार परिवारलाई चुनौती दिन खोज्नु भएको त होईन ? हाम्रो आस्थामाथी प्रहार गर्न खोज्नु भएको त होइन ? हामीलाई होच्याउने, घोच्ने, ठेस पुर्याउने, हेप्ने कुचेष्टा गर्नु भएको त होइन ? हो भने उहाँ, उहाँको पार्टी र समग्र व्यवस्थाकै लागि त्यो प्रत्युत्पादक हुनेछ ।

अतः प्रधानमन्त्री र उहाँले प्रतिनिधित्व गर्ने नेपाल कम्युनिष्ट पार्टीसँग हामी जवाफ माग्दछौं कि, तिनका अधिकारीक धारणा के हो ? यस्तो मानसिक संतुलन गुमाएका, बोलीको ठेगान नभएका, जिब्रो चिप्लिने, लम्पट एवं स्वाँठ व्यक्तिलाई कहिलेसम्म देशको शासन सत्ताको बागडोर सुम्पिराख्ने ?

हामी सम्पूर्ण ॐकार परिवार एवं राष्ट्रभक्त आम नेपालीलाई आह्वान गर्दछौं कि "आआफ्नो धर्म, संस्कृति, परम्परा, ईतिहास, पहिचान, राष्ट्रिय एकता, स्वाधीनतालाई बचाउन एवं जगेर्ना गर्न एकजुट होऔं । यो कमाऊनिष्ट देशद्रोही जनघाती शासन व्यवस्थालाई जडैदेखि उखेलेर फालौं । नभए भोलिको दिन र हाम्रो भावी सन्ततिले हामीलाई कहिल्यै माफ गर्ने छैनन् ।

(लेखक जनतान्त्रिक तराई मुक्ति मोर्चाका अध्यक्ष एवं राष्ट्रिय जनतान्त्रिक गठबन्धनका संयोजक हुन् ।)

अयोध्याका बारेमा नेपाल र भारतका विद्वान मिलेर अनुसन्धान गर्नुपर्छ

प्रा.डा.मदन रिमाल
नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभाग प्रमुख
त्रिभुवन विश्वविद्यालय

० भगवान श्रीरामको जन्मभूमि अयोध्याको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्ति कति तथ्यपरक छ ?

– जनकपुरकी राजकुमारी सीताको विवाह अयोध्याका राजकुमार भगवान श्रीरामसँग विवाह भएको कुरा कुनै शंका नै छैन । प्रधानमन्त्रीले मुख्यतः तीनवटा कुरा उठाउनुभएको छ । मैले एकेडेमिक कुराहरु मात्र राख्छु । प्रधानमन्त्रीले राजनीति र उहाँको स्वभाव, त्यो त उहाँको कुरा भयो । राजनीतिलाई एकातिर राखेर हामीले हेर्ने हो भने उहाँले उठाउनुभएको तीन वटा कुरामा मेरो ध्यानाकर्षण भएको छ । उहाँले सांस्कृतिक अतिक्रमणको कुरा उठाउनुभएको छ । अर्को कुरा उहाँले अनुसन्धान आवश्यक छ भन्ने कुरा उठाउनुभएको छ । अनुसन्धान आवश्यक छ भने केमा भन्नाबेरि अयोध्या कहाँ छ भन्ने कुरामा । मिथिला क्षेत्रको राजधानी जनकपुरधाम छ । उहाँले अर्को कुरा दूरी भन्नुभएको छ । जनकपुरमा जन्ती कसरी आयो, कति दिन लाग्यो भन्ने कुरा दूरीको छ । त्यसैले यी तीनवटा कुरा अनुसन्धानको विषय हो । त्यसैले यसमा विवाद गर्नुपर्ने विषय छैन । तर, यसमा प्रधानमन्त्रीले त्यहाँ होइन भन्नुभएकोले यस्तो विषय उठेको हो । उहाँले भन्नु हुँदैनथ्यो । किनभने उहाँ त यो विषयको विज्ञ त होइन नि ।

० मनेपछि यो अनुसन्धानको विषय बन्न सक्छ ?

– अनुसन्धानको विषय बन्न सक्छ । मैले नै जनकपुरमा अनुसन्धान गरेको छु । मैले बाल्मिकी रामायणलाई आधार मानेर अनुसन्धान गरेको छु । मैले १५-२० अगाडि नै दूरी कति थियो त, भगवान राम कसरी आउनुभयो । राजा विशालका गढ भारतको वैशालीलाई भनिन्छ । नदी तरेर विशालगढ आउनुभयो भगवान राम । त्यसपछि भोलिपल्ट विश्वामित्रसँग जनकपुर आउनुभयो । एकै दिनमा धनुषयज्ञमा पुग्नुभएको छ । त्यसैले मैले पहिला पनि त्योअनुसारको दूरी खोजेकै हुँ । यो कुरा अध्ययनको विषय हो ।

० प्रधानमन्त्रीले बोलेको कुरामा पुरातत्व विभागले अनुसन्धान गर्ने भन्ने कुरा पनि आएको छ नि ?

– मैले पुरातत्व विभागमा बुझ्दा अनुसन्धान गर्ने विषयमा कुनै किसिमको कुरा नभएको जानकारी पाएँ ।

० यदि अनुसन्धान गर्नुपर्ने भयो भने के-के विषयलाई आधार बनाउने ?

– अनुसन्धान गर्दा हामीले दूरीलाई नै आधार बनाउनुपर्छ । दूरीलाई आधार मानेर निष्कर्ष निकाल्न सकिन्छ । कतिपयले सीतामढी भनिरहेका छन्, हामीले जनकपुरधाम भनिरहेका छौं । विश्वामित्रले रामलाई दरबारबाट लिएर गएर सुपनेखाको लक्ष्मणले नाक काटेपछि यज्ञमा आउने, यी सबै दूरीलाई हामीले केलाउने हो । धेरै अगाडि जनकपुरमा म हुँदा यसै विषयमा शोध गरिरहेको थिएँ । म आइए पढ्दाखेरि जनकपुर सर्किट खोज्ने भनेर भारत र नेपालका विद्वानहरु जम्मा भएर पेपरहरु प्रस्तुत गरेर विभिन्न ठाउँहरु खोज्न जाने भन्ने कुरा मलाई सम्झना छ । हामीले आपसी समझदारीमा रामायण, महाभारतलाई प्रमाणित गर्दै हिंड्नुपर्छ । राजनीतिक दलका नेताहरु राजनीति गर्ने मान्छेहरु हुन् । राजनीतिमा के-के भन्नुहुन्छ, त्यसमा हामी भन्न सक्दैनौं । तर, एकेडेमिकली भन्नुपर्दा अनुसन्धान त गर्नैपर्छ । भारत र नेपालका विद्वान मिलेर खोजौं न त । के फरक पऱ्यो र । जहाँ पाएपनि रामायण ठाउँ पाउनु नै ठूलो कुरो हो । त्यसैले यसमा चिन्तित हुनुपर्ने कुनै कुरा छैन ।

० प्रधानमन्त्री ओलीले त्यतिबेला सम्वादका माध्यमहरु थिएन, कसरी त्यति टाढाबाट आएर बिहे गर्न सक्छन् भन्ने किसिमका जुन तर्क गर्नुभएको छ, तर त्यतिबेला पनि त विभिन्न किसिमका विभिन्न माध्यमहरु जस्तै पुष्पक विमान लगायतको कल्पना गरिएको छ नि ?

– पहिला धेरै प्रविधिहरु थिए, ती ज्ञान हामीले अहिले पाउन सकेका छैनौं । त्रेतायुगको कुरा गर्ने हो भने लाखौं वर्ष पुरानो कुरा हो । तर हामीले वैज्ञानिक ढंगले हेऱ्यौं भने हुंगायुगपछि सुरु भएको सिभिलाइजेशन भनेर जहाँ कृषि खेती आदि गरियो । त्यो भारतवर्षमै हो । त्यसपछि हामी बुद्धको समय भन्छौं । अब रामको घटना हो भने हामीले त्रेतायुगलाई मान्नुपर्छ । त्यति परसम्मको प्रमाणहरु आजसम्म पाउन सकिएको छैन । अब आस्था, विश्वास, भावना, धर्म लगायत नै हो । यो आस्था र विश्वासको आधारमा हामीले खोज्न सकियौं भने मानव सभ्यताकै लागि हाम्रो ठूलो उपलब्धि हुन्छ । रामसेतु श्रीलंकामा छ, जहाँ रहस्यका कुराहरु धेरै छन् । त्यसकारण यसलाई अनुसन्धान गर्दा नै राम्रो हुन्छ । विस्तारै-विस्तारै अनुसन्धानबाट अन्य कुराहरु आउँछन् ।

० धेरैको कुरा गर्ने हो भने अहिलेको श्रीलंका तत्कालीन लंकाका राजा त्यहाँबाट कसरी आए, सीतालाई नै किन अपहरण गरे लगायतका कुराहरुमा पनि शंका गर्न मिल्छ नि ?

– आर्कोलोजीमा हामीले दूरीबाट नै अनुसन्धान गर्नुपर्छ । पत्तै लगाउने हो भने दूरीलाई आधार मानेर खोज्न सकिन्छ । सम्भावित स्थलहरु भनेर हामीले खोज्ने हो । हामीले मानिनाएको धर्म, संस्कृति, आस्था, विश्वासमा प्रधानमन्त्रीको कुराले चोट पुगेको छ । यदि त्यहाँ होइन भने कहाँ हो भनेर प्रमाणका आधारमा भन्न सक्नुपर्दथ्यो । प्रधानमन्त्रीको आफ्नै एउटा स्वभाव छ । केही विषयमा प्रतिक्रिया दिइहाल्ने । तर मैले सकारात्मकरुपमा हेर्दा हामीलाई अनुसन्धानको एउटा बाटो हुन्छ कि भन्ने लागेको छ ।

० प्रधानमन्त्रीले जसरी भारतविरोधी अभिव्यक्तिहरु दिँदै आउनुभएको छ, त्यसकै एउटा निरन्तरता हो कि यो विषयमा वास्तवमै उहाँले प्रमाणको आधारमा भन्नुभएको होला ?

– हेर्नुस्, प्रधानमन्त्रीले बोल्नुभएको कुरामा प्रमाण त छैन । उहाँले प्रमाणको आधारमा कुरा त गर्नुभएकै होइन । रहस्यो राजनीतिको कुरा त्यो त उहाँहरुले जान्नुहुन्छ । एकेडेमिक र आर्कोलोजीको कुरा गर्नु हुन्छ भने रिसर्च ओरिएन्टेड कुराहरु हुन्छ । अनुसन्धान नगरिकन भन्न पनि हुँदैनथ्यो । अब उहाँले बोलिसकेपछि अनुसन्धानका लागि बाटो खुल्यो कि भन्ने मात्र मलाई लागेको हो । तर, अनुसन्धान गर्दा भारत र नेपाल दुवै मिलेर गर्दा राम्रो हुन्छ । किनभने हाम्रो धर्म, संस्कृति एउटै छ, हामी आपसी समझदारीमा बस्नुपर्छ । भारतसँग हाम्रो विविध बालका सम्बन्ध छन् ।

० सदियौं देखि रहँदै आएको सांस्कृतिक, धार्मिक तथा अध्यात्मिक सम्बन्धमा प्रधानमन्त्रीको अभिव्यक्तिले कस्तो प्रभाव पारेको देख्नुहुन्छ ?

– यस्तो अभिव्यक्तिले सांस्कृति, धार्मिक तथा अध्यात्मिक सम्बन्धमा अप्ठ्यारो पार्छ । मैले एकेडेमिक कुराहरु मात्र राख्छु पहिला पनि भनेकै छु । त्यसैले अब यस्तो कुरा आइसकेपछि अनुसन्धान गर्नैपर्छ भन्ने लाग्छ । राजनीतिक र सांस्कृतिक सम्बन्धबारे हामीले बोलेर केही हुने पनि होइन र केही गर्ने पनि होइन । यो कुरा प्रधानमन्त्री र सरकार-सरकारबीचको कुरा हो । आर्कोलोजीको दृष्टिकोणले भन्नुपर्दा अनुसन्धानको बाटो खोलियो भने हामीलाई काम गर्न सजिलो हुन्थ्यो । तर, अनुसन्धान गर्दा भारतलाई बेवास्ता गरेर हुँदैन । भारतका विद्वानसँगै मिलेर गर्नुपर्ने हुन्छ । किनभने रामायण र महाभारतका कुराहरु हुन्, त्रेतायुग र द्वापरयुगका कुराहरु हुन् । आर्कोलोजिष्ट फाइन्डिङ्सहरु गर्नुपर्छ ।

० यदि अनुसन्धान गरेर प्रधानमन्त्रीले भने मर्दै आधारहरु भेट्यो भने हामीलाई यो कुरा स्वीकार गर्न कतिको सहज हुन्छ ?

– अनुसन्धान गर्दा वर्षौंवर्ष लाग्ने कुरा हो । तुरुन्त अनुसन्धान गरेर थाहा पाउने कुरा पनि होइन । जस्तै, कपिलवस्तुको लुम्बिनीमा ५०औं वर्षदेखि अन्वेषण भइरहेकै छ । तर, अन्वेषण गर्दा केही तथ्यहरु अवश्य फेला पर्छ जसले संकेत गर्छ कि यहाँ केही छ भनेर । त्यसपछि हामीले आर्कोलोजिष्ट फाइन्डिङ्स मात्रै हो भनेर भन्ने हो । त्यसपछि त्यसलाई कसरी प्रस्तुत गर्ने भन्ने कुराहरु सरकारमा निर्भर पर्छ । हामीले फाइन्डिङ्सलाई हेरेर व्याख्या गर्छौं ।

अयोध्याबारे प्रधानमन्त्रीको भनाइमा सत्यता छैन

यस्तो बेलामा भारतवर्षसँग हाम्रो जुन ऐतिहासिक तथा धार्मिक सम्बन्ध छ, त्यसलाई तपाईं हामी वा अन्य कसैले बनाएको होइन । यो हाम्रो पूर्वीय दर्शन र सभ्यताले निर्माण गरेको सम्बन्ध हो । यस्तो विषयमा प्रधानमन्त्रीले सोच्दै नसोचिकन कसरी भन्नुभयो, यसको कुनै आधार म देख्दिन ।

अस्मिता भण्डारी
महासचिव, विश्व हिन्दू महासंघ

० भगवान राम र अयोध्याका विषयमा प्रधानमन्त्रीको अभिव्यक्तिका विषयमा तपाईं के भन्नुहुन्छ ?

– भगवान राम र उहाँको जन्मस्थलबारे प्रधानमन्त्रीज्यूले एउटा नयाँ कुरा भन्नुभयो । त्रेतायुगमा अयोध्या नगरीमा भगवान रामको जन्म भएको भनेर हामीले धार्मिक इतिहास पढ्दै आयौं । भारतको उत्तर प्रदेशस्थित अयोध्या नै भगवान रामको जन्मभूमि हो भनेर हामीलाई लाग्छ । हामी त्यहीं कुरालाई अवलम्बन गर्दै विश्वास गर्दै आयौं । तर, प्रधानमन्त्रीको यस सम्बन्धी अभिव्यक्ति आउँदा विवादित परिस्थिति सिर्जना गरेको छ । यो कुरा कुनै विद्वान, अध्यात्मिक व्यक्तिले अन्वेषण गर्नुपर्ने कुरा प्रधानमन्त्रीज्यूले कसरी बोल्नुभयो, यो अलि कति गम्भीर कुरा हो ।

० यस विषयमा विश्व हिन्दू महासंघको धारणा के छ त ?

– नेपाल एक मात्रै संसारको एक मात्र हिन्दू अधिराज्य हो । संसारभरिका ओमकार परिवारको आस्थाको देश हो । यहाँ भारत लगायत संसारभरिका सम्पूर्ण ओमकार परिवारहरु बौद्ध, शिख, जैन र हिन्दूहरुले आस्थाको देश मान्नुहुन्छ । हाम्रो सम्बन्ध पनि भारत वर्षसँग त्यतिकै अध्यात्मिकरुपमा रहँदै आएको छ । पशुपतिनाथदेखि विश्वनाथसम्म, जनकपुरदेखि अयोध्यासम्म, लुम्बिनीदेखि बोधगयासम्म जुन हाम्रो सम्बन्ध छ, त्यसलाई राजनीतिक हिसाबले हेर्नु हुँदैन भन्ने हाम्रो विश्व हिन्दू महासंघको धारणा छ । यसमा कुनै बहस गरिरहनु पर्ने कुरा छैन । यदि त्यस्तो थियो भने पहिला पनि त्यस्ता कुराहरु किन उठेन ?

० भगवान् रामको जन्मस्थान जन्मभूमि हो ?

[illegible]

धर्म, संस्कृति, परम्परा, दुई देशबीचको आत्मिक-अध्यात्मिक सम्बन्धले कति फरक पार्छ त भन्ने कुरा पनि हामीले हेर्नुपर्छ ।

० देशका प्रधानमन्त्रीले बिना कुनै तथ्य वा प्रमाण बोल्नुभएको हो त ?

– हामीले जुन मिथिला सभ्यताको कुरा गर्छौं त्यो दुवै देशको सभ्यता हो । यो कुरालाई पनि उहाँले विचार गरेको हुनुपर्छ । त्यसका आधारमा उहाँले बोल्नुभएको होला । मिथिला सभ्यता नेपालदेखि भारतवर्षसम्म रहेको छ । मिथिला सभ्यताप्रति अपनत्व महसुस गरेर उहाँले यस्तो कुरा भनेको हुनसक्छ । तर प्रमाणहरु छन् भने त्यसबारेमा अध्ययन गर्नुपर्छ, अनुसन्धान हुनुपर्छ । तब मात्रै यस्ता कुराहरु बोल्नुपर्छ । होइन भने अन्दाजको भरमा, कसैले एउटा दुईटा आर्टिकल लेखेको भरमा बोल्नु हुँदैन । मर्यादा पुरुषोत्तम भगवान रामको जन्म भारतको अयोध्यामा भएको होइन भन्ने कुरामा हामी कहिल्यै पनि शंका नै गरेका छैनौं । अब प्रधानमन्त्रीज्यूले नयाँ विषय उठाइदिनुभो ।

० त्यतिबेला सम्पर्क गर्ने अहिलेको जस्तो प्रविधि थिएन, टेलिफोन थिएन, सम्पर्क गर्ने अवस्था थिएन । भारतको अयोध्याबाट आएर जनकपुरमा कसरी बिहे गर्न सक्छ भन्ने तर्क प्रधानमन्त्रीले गर्नुभएको छ नि ?

– त्यतिबेला सम्पर्क गर्ने अहिलेको जस्तो प्रविधि थिएन, टेलिफोन थिएन, सम्पर्क गर्ने अवस्था थिएन । भारतको अयोध्याबाट आएर जनकपुरमा कसरी बिहे गर्न सक्छ भन्ने तर्कको अर्थ रहँदैन । त्यतिखेर भगवान राम १४ वर्ष वनवास गएको कुराहरु छन् । अहिलेको परिस्थितिलाई मात्रै हुँदैन । वेद, पुराणले जुन कुराहरु व्याख्या गरेका छन्, त्यसो भए ती कुराहरु पनि हामीले नमान्ने त ? त्यतिखेर पुष्पक विमानको कल्पना गरेको छ । त्यतिखेर पुष्प विमान नै हुँदैनथ्यो भनेर भन्ने त ? उहाँले नमानेर हुन्छ र ? त्यसो भए संसारभरिका हिन्दूहरुले यसमाथि प्रश्न उठाउने भए । प्रधानमन्त्रीले बोल्नुभएको कुराले त नेपालका सम्पूर्ण हिन्दूमाथि प्रश्न खडा हुने भो । हाम्रो धर्म ग्रन्थहरुमाथि प्रश्न खडा हुने भो । त्यतिखेर टेलिफोन थिएन भन्ने कुरा प्राक्टिकल होइन । यो त असाध्यै हास्यास्पद कुरा हो । त्यतिखेर टेलिफोन नहुँदा पनि कम्युनिकेशनका विभिन्न माध्यमहरु, आधारहरु थियो । राम चरित्र पढ्दा हामीले धेरै कुराहरु पाउँछौं । के ती सबै बनिबनाउ कुराहरु थिए त ? थिएनन् नि ।

० भनेपछि, टुक्का उखान भनें प्रधानमन्त्रीको जुन बानी छ, त्यसैअनुसार यो अभिव्यक्ति आएको हुनुपर्छ ?

– टुक्का उखान गर्ने प्रधानमन्त्रीको शिलशिला पनि हो । हुन सक्छ कसैले उहाँलाई यस्तो कुरा भन्यो होला । तर, त्रेतायुगदेखि आजसम्म आइपुग्दा यी विषयहरु किन कहिल्यै पनि उठेनन् ? र अहिले आएर किन यी कुराहरु उठाइरहेका छन् त ? जसले रामायण लेख्नुभयो, ती कुराहरु झुठा हुन् त ? पक्कै पनि होइनन् । उहाँको अभिव्यक्तिका कारण त हाम्रो धर्ममाथि नै अविश्वास खडा भयो ।

० हाम्रो धर्म संस्कृतिमाथि भारतले अतिक्रमण भऱ्यो भन्ने उहाँको तर्क पनि छ नि त ?

– त्यो त उहाँको तर्क हो । हामीले सत्ययुग, द्वापरयुग, त्रेतायुगको कुरा गर्छौं । त्यतिखेर कुनै भूगोल वा खोलानालाको सिमाना थिएन । त्यतिबेला भारतवर्ष र नेपाल भन्ने अलग-अलग थिएन । त्यतिखेर समुच्च अध्यात्मिक सत्ताको हिसाबले हेर्ने हो भने भारत र नेपाल त एकै थियो नि । अहिलेको भूगोल सिमानामा सीमित थिएन । त्यसकारणले आदिगुरु शंकराचार्यले चार वटा मठहरु खडा गर्नुभयो । ती मठहरु अहिले भारतवर्षमा छन् । के तिनलाई हामीले नमान्ने त ? भगवान रामको जन्म अयोध्यामै भएको हो, यसमा कुनै दुईमत छैन र अयोध्या भारतमै पर्छ । त्रेतायुगमा भारत र नेपालको सिमाना छुट्टिएको नहुन सक्छ । त्यसकारणले अहिले आएर यस्ता भ्रमहरु सिर्जना भएका छन् । यस्ता विषयहरुमा प्रधानमन्त्रीज्यूले बोल्नुभन्दा पनि हाम्रो अध्यात्मक, धर्म, संस्कृति, परम्परा बुझेका विज्ञ व्यक्तिहरुलाई कुनै सन्देह लागेमा अन्वेषण गर्नका निम्ति जिम्मा लगाउनुपर्ने हो । यस विषयमा धर्म गुरुले बोल्नुपर्ने कुरा प्रधानमन्त्रीज्यूले बोलिदिनुभयो । यसले केही असमझदारीहरु, अप्ठ्यारा परिस्थितिहरु र नेपाल र भारतबीचको अध्यात्मिक सम्बन्धलाई नै प्रश्नचिन्ह खडा गरिदिएको छ । यसमा झुक्किनुपर्ने कुरा केही पनि छैन । त्यसैले प्रधानमन्त्रीज्यूले भन्नुभएको कुराको खासै ठूलो अर्थ छैन ।

० प्रधानमन्त्रीको यस्तो अभिव्यक्तिले नेपाल र भारतबीच रहँदै आएको सांस्कृतिक, धार्मिक तथा सामाजिक सम्बन्धमा कस्तो प्रभाव पार्ला ?

– यस्तो अभिव्यक्तिले नराम्रो प्रभाव पार्छ । किनभने भारतसँग अन्य विषयहरुले पनि अप्ठ्यारो परिस्थिति सिर्जना भएको छ । बिग्रिँदै गएको कुटनीतिक तथा राजनीतिक सम्बन्ध सुधार हुन नपाउँदै सम्बन्धलाई फेरि बिगार्ने अभिप्रायले आगोमा घ्यू थप्ने काम गर्छ । प्रधानमन्त्रीले भन्नैमा भगवान रामको जन्मभूमि परिवर्तन हुने पनि होइन । कसैले चाहेर स्थान परिवर्तन हुने वा इतिहास परिवर्तन हुने भन्ने कुरा नै छैन ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

लकडाउन अवधिको घरभाडा नलिन भन्दै सर्वोच्चमा रिट

श्री सर्वोच्च अदालतमा पेश गरेको
निवेदन पत्र
विषय :- नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम सार्वजनिक सरोकारको विषयमा उल्लेखयुक्त परमादेशलगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाउं ।

कचकच सहेर आफूहरु कोठामै बस्दै आफूहरुसंग भएको रुपैयाँ पैसा खर्ची सकेकोले बाँच्नु र मर्नुको दोधाँमा अल्झिले घर धनीहरुले घर बहाल दिनु भनी दिनहुं ढोका ढकढक गरी आफू तथा परिवार समेतलाई दुख हैरान गर्दै आएको अवस्था छ भने अकोर्तर्फ कुनै पेशा व्यवसाय नचलेको कारण दैनिक हातमुख जोड्न धीधौं भैरहेको अवस्था छ । मानिसको जिवन रक्षा गर्नु मानव जातिकै रक्षाको निम्ति बन्दाबन्दी(Lockdown) अवधी भरीका कुनै पनि किसिमले घर बहाल नलिनु, नमाग्नु, नदिलाउनु भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी नेपालको संविधानको धारा १३३(२)(३)बमोजिम सार्वजनिक सरोकारको विषय भएकोले म.न.,उ.म.न.,न.पा,गा.पा तथा बडा कार्यालयहरुलेकुनै किसिमको राहत वितरण गर्दावहालमा बस्नेले बहाल कर तिरेको नगद रसिद लिई आउनु पर्ने व्यवस्था उल्लेषणद्धारा बदर गरी बन्दाबन्दी(Lockdown) अवधी भरीका कुनै पनि किसिमले घर बहाल नलिनु, नमाग्नु, नदिलाउनु भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊं ।

(२) शहरी जनसंख्याको ४०.२२% प्रतिशत मानिस आफ्ना दैनिक पेशा व्यवसाय, ज्यालामजदुरी बन्दाबन्दीको कारण गुमाएकले मुखहात जोड्न नसकिरहेको करण नेपाल फ्रहरीका अनुसार देशको सातवटै प्रदेशमा करिब ११०५।-(एक हजार,एकसय पाँच) भन्दा बढीले आत्म हत्य गरेको, बच्चा फाल्ने, निर्ममतापूर्वक हत्या गर्ने, मानसिक रोगी हुने,बहाल नदिदा मननठाकुरको सैलुनको सटर खोल्न नदिएको,चिन्तवनमा खाना नपाएर घरभित्रै बारा जिल्ला, फेटाफुलबारियाका कामदार आत्महत्या गरेको जस्ता अवस्थामा वृद्धि भैरहेको छ । देशमा वर्षौं वर्षदेखिको केन्द्रीकृत शासन प्रणालीका कारण देशको कुना कन्दराबाट ठुलो अभिलाशा बोकी लाखौं लाख विद्यार्थी विद्यालय तथा उच्च शिक्षा हासिल गर्न, त्यतै विभिन्न पेशा व्यवसाय दैनिक ज्याला मजदुरी गरी हातमुख जोड्ने आशाका साथ बहालमा डेरा कोठा, फ्लेट, सटर लिई बस्दै आएका छन् । कोरोना भाइरसको महामारी कसैकोहरुले होईन् वा कसैको इच्छा आकांछाका कारण उत्पन्न भएकोपनि होइन् । संसार भरी मानव जातिलाई नै तहसनहस पुऱ्याए रहेको जसको कारणमानिसलाईपहिलो प्राथमिकता Rght to Life(बाँच्न पाउने अधिकार) को रक्षा गर्नु पर्ने अवस्था रहेकोले मानव संवेदनशिलतालाई आत्मासात गरी र नेपालको संविधानले धारा १६,१८(३), २२(१), २४(२),२९(२) ३१, ३९, ४२, ४३ मा प्रदान गरेको मौलिक हकको सुरक्षार्थ एक पटक बन्दाबन्दी(Lockdown)अवधी भरीका कुनै पनि किसिमले घर बहाल नलिनु, नमाग्नु, नदिलाउनु भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी नेपालको संविधानको धारा १३३(२)(३)बमोजिम सार्वजनिक सरोकारको विषय भएकोले परमादेश आदेश जारी गरी पाऊं ।

(३) सामान्य अवस्थामा हामी निवेदक समेतले कानून बमोजिम तिर्नु बुझाउनु पर्ने घर बहालमा कुनै समस्या छैन् । कोरोना भाइरस महामारी सामान्य अवस्थापनि होइन । नेपाल सरकार लगायत संसारका २०० भन्दा बढी देशहरुले यसलाई महामारीका रुपमा लिएका छन् जुन कुरा सर्वविदित्तै छ । यसरी एकातिर महामारी फैलिरहेको अवस्था छभन्ने अकातर्फ यसको प्रतिरोधात्मक तथा उपचारात्मक कुनै विधिको एकीन संसारमा विकास भएको छैन् । यस्तो अवस्थामा सामान्य अवस्थामा कानूनले जनताको इच्छा अकांक्षालाईपुरा गर्ने होइन् कि जनतालाई जुन कुराको आवश्यकता छ राज्य तथा राज्यका अंगहरुले असामान्य, अप्रत्यासित असहज परिस्थितिलाई बुझी अधिकांश जनताको आवश्यकतालाई दृष्टिगत गरी सामान्य कानून भन्दा माथि उठेर आवश्यकता नै अविष्कारको जननी हो। Necessity is the mother of invention)भन्ने सिद्धान्तलाई आत्मसात गरी अदालतले न्यायिक मनको प्रयोग गरी देशका कुनाकन्दराबाट आफ्ना जन्म घर छोडी पराईको घरमा डेरा कोठा, सटृटर, फ्लेट बहालमा लिई अध्ययन गर्ने विद्यार्थी, दैनिक ज्याला मजदुरी गर्ने नागरिकको हक अधिकार नेपालको संविधानको धारा १६,१८(३),२२(१), २४(२),२९(२) ३१, ३९,४२, ४३ समेतको सुनिश्चितताका लागि एक पटक बन्दाबन्दी(Lockdown)अवधी भरीका कुनै पनि किसिमले घर बहाल नलिनु, नमाग्नु, नदिलाउनु भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी नेपालको संविधानको धारा १३३(२)(३)बमोजिम सार्वजनिक सरोकारको विषय भएकोले परमादेश आदेश जारी गरी पाऊं ।

(४) हामी रिट निवेदक लगायत शहरी जनसंख्याको ४०.२२% प्रतिशत जनसंख्या घर कोठा,सटृटर, फ्लेट बहालमा लिई बस्ने मात्र होइन, कुनै न कुनै स्थानीय निकायको भोटर, करदता पनि हो । कोरोना भाइरसबाट एउटा नगरपालिका वा कुनै एक प्रदेश मात्र प्रभावित होइन कि सातवटै प्रदेशमा रहेकोले सामान्तको दृष्टिकोणले सबै प्रदेशमा सर्वमान्य रुपमा आदेश लागु भएमा कुनै एक प्रदेश वा नगरपालिकालाई मात्र भार पर्ने होइन । नेपाल सरकार मन्त्री परिषदको मिति २०७७०२।२२ को निर्णय अनुसार सैलुन तथा ब्यूटी पारलर खोल्न नदिएको अकोतिर हामीलाई हाल सम्म कुनै राहत नदिएको देशको सबै शहरमा हाम्रो उपस्थिति रहेको अवस्थाले आदेशको भार र फाइदा सबै प्रदेशकोनागरिक तथा नगरपालिकालाई पर्ने हुंदा मानव संवेदनशिलता तथा अप्त्याशितपरिस्थितिका कारणउत्पन्न भएका समस्यलाईसंबोधनहुने, कोरोना भाइरसका कारण वास्तविक तथा बढी प्रभावित हुने विद्यार्थी, ज्याला मजदुरी गरी जिविका निर्वाह गर्ने नागरिकले राहत पाउने साथै नेपाल सरकारले कोरोना भाइरसका कारण इन्टरनेट,टि.भी.रेडियोद्धारा दिने शिक्षामा बालबालिकालाई अवसरप्राप्त हुने भएकोले यसबाट वन्चित हुने गरी घर बहाल तिर्नु बुझउनु पर्ने, नतिर्ने घरनिकाला गर्ने जस्ता कुर्दृष्टिको कारण वन्चित हुने सम्भावना उत्पन्न भएकोले नेपालको संविधानको धारा १६,१८(३), २२(१), २४(२),२९(२) ३१, ३९, ४२, ४३ समेतको हक सुरक्षाका लागि कोठा, सटृटर, फ्लेट बहालमा लिई अध्ययन गर्ने विद्यार्थी, दैनिक ज्याला मजदुरी गर्ने नागरिक प्रति एक पटक बन्दाबन्दी(Lockdown) अवधी भरीका कुनै पनि किसिमले घर बहाल नलिनु, नमाग्नु, नदिलाउनु भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम सार्वजनिक सरोकारको विषय भएकोले परमादेश आदेश जारी गरी पाऊं ।

(५) मुलु कोरोना भाइरसका कारण अहिले विषम्म परिस्थितिबाट गुजरि रहेको अवस्था छ । प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा यस समस्या सामाधानका लागि निवेदन दिदां कुनै सुनवाई नै नगरी त्यसको जवाफ पनि नदिएको र दैनिक रुपमा भाइरस लाग्ने व्यक्तिको संख्यामा वृद्धि हुदै आएको, दैनिक रुपमा हात मुख जोड् नसकी आत्महत्यामा बृद्धिहुदै आएको, बन्दाबन्दीका कारण व्यापार व्यवसाय, दैनिक ज्यालादारी नचलेको, कोठा मित्रै बस्दाबस्दैका कारण अधिकांश मानिस आफै विरामी भैरहेको अवस्थामा नेपाल सरकार तथा स्थानीय सरकारका निकायहरुका वैमन्स्यता, उक्साहटका कारण घर बहालमा लगाउने धनीहरुद्धारा बहालमा बस्ने व्यक्तिहरुमाथि समयमा समयमा दुर्वव्यवहार हुदै आएको भएपनि यो महामारीले गर्दा भएको बन्दाबन्दीको अवधीमै बहाल रकमका लागि घर धनीहरुले विभिन्न बहानामा दुर्वव्यवहार गर्दै आएको र सरकारले आफ्ना नागरिक प्रति महामारीको समयमा गर्नुपर्ने दायित्व वहन नगरेकोले घर, कोठा, सटर, फ्लेट बहालमा लिई बस्ने व्यक्तिसंग बन्दाबन्दी अवधी भरीको बहाल रकम नमाग्नु, नदिलाउनु, भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम सार्वजनिक सरोकारको विषय भएकोले परमादेश आदेश जारी गरी पाऊं ।

(६) अतः उल्लेखानुसार गैर कानुनी बदनियतपूर्ण ढंगले प्रत्यर्थीहरुबाट हामी निवेदक जस्ता शहरी संख्याको ४०.२२% मानिस घर, कोठा, फ्लेट, सटृर बहालमा लिई साना साना पेशा व्यवसाय, दैनिक ज्यालामजदुरी गरी आ आफ्ना परिवारका जिविका चलाउदै आएकोमा कोरोना भाईरस महामारीका कारण देशमा बन्दाबन्दीको घोषना गरेको करिब ३ महिना पुगे पनि हामी जस्ता बहालमा बस्नेलाई नेपाल सरकारले कुनै राहत दिएको छैन् । बन्दाबन्दीका कारण अति दुःखका साथ रातदिन एउटैकोठा भित्रै बस्दै आएको अवस्थामा कुनै पेशा व्यवसाय तथा दैनिक ज्यालादारी नभएको, बस्दाबस्दै आफै विरामी भएको र खाना लाउन नपुगी रहेको अवस्थामा घरधनीहरुले घर बहाल दिनु भनी दिनहुं मानसिक तनाव दिनु,अपशब्द बोली अपर्हलित गरेकोले हामी निवेदक लगाएको हकमा नेपालको संविधानले प्रदान गरेको धारा १६, १८(३), २२(१), २४(२),२९(२) ३१, ३९, ४२, ४३ समेतको हक सुरक्षाका लागि नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम सार्वजनिक सरोकारको विषय भएकोले न.पा,गा.पा तथा बडा कार्यालयहरुले राहत वितरण गर्दा बहालमा बस्नेले बहाल कर तिरेको नगद रसिद लिई आउनु पर्ने व्यवस्था उत्प्रेषणद्धारा बदर गरी बन्दाबन्दी(Lockdown) अवधी भरीका कुनै पनि किसिमले घर बहाल नलिनु, नमाग्नु, नदिलाउनु भनी विपक्षीहरुका नाउमा सर्वमान्य हुने गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊं ।

(७) प्रस्तुत निवेदनमा अन्तिम आदेश जारी हुन समय लाग्ने भएको हुंदा यसै बिच विपक्षीहरुबाट गैरकानूनी गैरन्यायिक किसिमबाट हामी निवेदक लगायतसंग विपक्षीहरुको मिलोमतोमा जबरजस्ती रुपमा घरधनीहरले घर बहाल लिने,मगाउने, दिन लगाउने, नदिए घरबाट निकाला गर्ने, मुद्दा चलाउने विभिन्न किसिमले डर त्रास देखाउने घरबास विहिन बनाउने जस्ता कार्य हुन गएमा सुविधा सन्तुलन तथा मानावतावादी दृष्टिकोणले विपक्षीहरुका भन्दा हामी निवेदक लगायत शहरी जनसंयाको ४०.२२% बहालमा बस्ने घर परिवार जनसंख्या बसोबास विहिन हुने तथा नेपाल सरकारले नेटवर्क, टि.भी रेडियोबाट दिई आएको शिक्षाबाट दशौं लाख विद्यार्थीको जिवन अन्धकार भै अपुर्णिय क्षति हुने भएकोले विपक्षीहरुको मिलोमतोमा जबरजस्ती रुपमा घरधनीहरले घर बहाल लिने,मगाउने, दिन लगाउने, नदिए घरबाट निकाला गर्ने, मुद्दा चलाउने विभिन्न किसिमले डर त्रास देखाउने घरबास विहिन बनाउने जस्ता कार्य नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०७४ को ४९(१) बमोजिम प्रत्यर्थीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाऊं ।

(८) म निवेदकको तर्फबाट नियुक्त हुनुहुने कानुन व्यवसायीको बहस पैरवीलाई यसै निवेदनको अभिन्न अंग मानि पाऊं ।

(९) यसमा संलग्न प्रमाण कागजातहरु :-
क)हामी निवेदकको नागरिकता, नेपाल पिछडा वर्ग(OBC)महासंघको केन्द्रीय कार्य समितिको निर्णय,नेपाल नाई ट्रेडयूनियनको केन्द्रीय कार्य समितिको निर्णय, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा दिएको निवेदनको प्रतिलिपी ।
ख नेपाल फ्ररीले अनलाईन खबरमा दिएको आत्म हत्याको तथ्याङ्क,राष्ट्रिय दैनिक कान्तिपुरमा मिति२०७७ जेष्ठ १७,२३,२५ तथा **नयाँ पत्रिकाले मिति २०७७ जेष्ठ ३गतेमा प्रकाशन गरेको सूचनाको प्रतिलिपी ।**
यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
रिट निवेदक

पिन्टु ठाकुर
गजेन्द्र ठाकुर
महादेव ठाकुर
हीति सम्बन्ध २०७७ साल बसार महिना १९ गते रोज ६ शुभ .....।

OBC

Lockdown

युनियनद्वारा विरोध प्रदर्शन

श्रमिकलाई लकडाउन अवधि भरको २५ हजार राहत उपलब्ध गराउनुपर्ने माग गर्दै नेपाल नाई ट्रेड युनियन आन्दोलनमा उत्रिएको छ । कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि गरिएको बन्दाबन्दीले गुजारा टार्न मुस्किल भएको र पेसा नै संकटमा परेको नाई संघको गुनासो छ । लकडाउनको अवधिभर काम गर्न नपाइएकाले उक्त अवधिको २५ हजार राहतस्वरूप उपलब्ध गराउन संघले सरकारसँग माग गरेको हो ।

मधेश अपडेट

सुरक्षा निकायलाई हाई अलर्टमा बस्न निर्देशन

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गहीले बाढी पहिरोबाट प्रदेशमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि तीनै सुरक्षा निकायलाई उच्च सतर्कतामा बस्न निर्देशन दिएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार सम्पन्न विपद व्यवस्थापन समितिको बैठकमा मुख्यमन्त्री राउतले प्रदेशको आठ वटै जिल्ला बाढीको उच्च जोखिममा रहेको हुँदा जोखिम न्यूनीकरणका लागि तयारी अवस्थामा बस्न निर्देशन दिएका हुन् । जोखिम न्यूनीकरणका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय र सुरक्षा निकायहरुले गरेको तयारीबारे जानकारी लिँदै मुख्यमन्त्री राउतले यस्तो निर्देशन दिएका हुन् । उनले जोखिम न्यूनीकरणका लागि आवश्यक सामग्रीहरुको तत्काल आपूर्ति गर्न समेत सम्बन्धित मन्त्रालय र निकायहरुलाई निर्देशन दिए । बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादव, आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादव, जनकपुरधाम उपमहानगरका प्रमुख लाल किशोर साह, मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, प्रमुख सचिव लगायत प्रदेशका सचिवहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धानका प्रदेश प्रमुख तथा प्रतिनिधिहरु सहितको उपस्थिति रहेको थियो ।

नमुना युवा सांसद स्थापना र अभ्यास

वीरगन्ज । पर्सेली युवाहरुलाई लक्षित गर्दै विरगंज महानगरपालिका स्तरीय तीनदिने नमुना युवा सांसद स्थापना र अभ्यास कार्यक्रमको वीरगंज गिता मन्दिर रोडस्थित रहेको होटल वीरगंज दरबारमा उद्घाघटन कार्यक्रम सम्पन्न भएको छ । वीरगंज महानगरपालिकाले प्रत्येक वर्ष संघ संस्थाहरुलाई यस कार्यक्रमको जिम्मा दिँदै आए तापनि यस वर्ष स्वयम् आयोजक बनी कार्यक्रम गराएकोमा नेँवि संघका युवा नेता सन्तोष गुप्ताले आपत्ति जनाएका छन् । ३ दिनसम्म चल्ने यस कार्यक्रममा नेपालमा युवा र युवा सांसदको अवधारणा र अभ्यास गरिने, नेपालमा लोकतन्त्र र संसदिय प्रक्रियाको आवश्यकता महत्त्ववारे प्रशिक्षकद्धारा जानकारी गरिने भएको छ । त्यसैगरी, संघीय प्रादेशिक र स्थानीय सरकारको गठन तथा कार्य जिम्मेवारी संसद वा कानुनी व्यक्तित्व हुनु पर्ने यसका लागि नेपालकी संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ आवश्यक हुने व्यवस्थापीका र कार्यपालिका विचको अन्तरसम्बन्ध अधिवक्ताहर मध्येबाट हुने विषयमा प्रशिक्षणको क्रममा युवा माननीयहरुलाई सिकाइने छ ।

बागमतीको बाँध उच्च जोखिममा

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका बडा नम्बर ४ बसतपुर नजिक रहेको बागमती नदीले ५ नम्बर स्पेर बगाएर लाग्पछि बाँधको जोखिम उच्च भएको छ । साथै स्थानीयहरु बाढी आउने र बाँध भत्किने खतराबाट त्रसित भएका छन् । करीव २४ वर्ष अघि चीनले निर्माण गरेको स्पर बागमतीमा आएको बाढीले कटान गरेको छ । करीव१ सय मीटरको हराहारीमा पानीले सो स्पर कटान गरिसकेको छ । गएको वर्ष २ नम्बर स्पर कटान गरेको बागमतीले यस वर्ष ५ नम्बर ठोकर बगाएको छ । पहिला बगाएको ठोकर पुनर्निर्माण गरिए पनि त्यसलाई बाढीले क्षति पुऱ्याएको छ । बाँधदेखि करीव ५ सय मीटर पूर्वमा स्पर कटान गरेकोले बाँध भत्काउन सक्ने जोखिम बढेको हो । भत्काइएको ठाउँबाट नदीको बहाव भएको खण्डमा बाँध भत्किने सम्भावना बढी रहेको छ । केही दिनदेखि भैरहेको अविरल वर्षाको कारण रौतहटको लालबर्कैया र बागमती नदीमा आएको बाढीले बाँध कटान गर्ने शुरू गरेको छ । माधव नारायण नगरपालिकाको खारकी राजवाड़ा , राजदेवी नगरपालिकको बड़ा नम्बर ४ , ९ मा रहेको बांध सुरक्षाको निमित बनाइएको स्पर क्षतिग्रस्त बनाएको छ भने लालबर्कैया नदीले तेजपाकड़ नजिक रहेको बांध भत्काउन लागेको छ ।

बजार क्षेत्रका संरचना हटाउन सूचना

कपिलवस्तु । कपिलवस्तु नगरपालिकाले अतिक्रमण गरी बनाइएका बजार क्षेत्रका संरचना हटाउन साउन २ गतेसम्मको समयसीमा दिएको छ । सडक चौडा बनाउनका लागि त्यस्ता संरचना हटाउन नगरपालिकाले सूचना जारी गरेको हो । हुलाकी सडक आयोजनाअन्तर्गत पूर्वको जमुवार खोलादेखि भवानी भिक्षु चोकसम्म सडक चौडा गरिने कार्यक्रम छ । साउन २ गतेवाट सडक पुनर्निर्माण गर्न लागिएको भन्दै दार्या र बार्या १५र१५ मिटरभित्र पर्ने संरचना हटाउन आग्रह गरिएको हो । सदरमुकाम तौलिहवाको पूर्वी प्रवेशद्वार जमुवार टोलवाट प्रशासन कार्यालय चोक-नर्याटोल-गौढी चोक हुँदै भवानी भिक्षु चोकसम्म संरचना हटाउनु पर्ने छ । सर्वदलीय सहमतिपछि हुलाकी सडक आयोजनाका जिल्ला प्रमुख ईश्वरबहादुर रिजालले समेत सूचना जारी गरेर अतिक्रमण हटाउन आग्रह गरेका छन् । गत कार्तिक २९ गते नै हुलाकी सडक आयोजना निर्माण सम्झौता भइसकेको छ । तर अतिक्रमण नहट्दा पुनर्निर्माणका काम सुरु हुन सकेको छैन । हुलाकी सडकअन्तर्गत जमुहार टोलदेखि छोटकी तौलिहवासम्मको बजार क्षेत्रमा २ हजार ३ सय ४० मिटरसम्म २ लेनको सडक निर्माण गर्ने योजना छ । सडकको बीचमा बगैंचा, दायांबायाँ नाली, फुटपाथसमेत बनाइने छ ।

प्रधानमन्त्री ओलीविरुद्ध जनकपुरमा प्रदर्शन

जनकपुरधाम । भगवान रामको जन्मस्थल पसोको ठोरी रहेको भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिविरुद्ध जनकपुरमा प्रदर्शन भएको छ । हिन्दु परिषद नेपालले विश्वका करोडौं हिन्दु धर्मावलम्बीको आस्थामार्थि प्रधानमन्त्री ओलीले ठेस पुऱ्याएको भन्दै जनकपुरमा प्रदर्शन गरेको हो । साधुसन्त र युवाहरु समेत सहभागिता रहेको जुलुस नगरको विभिन्न भागको परिक्रमा गरी जनकचौकमा कोणासभा परिणत भएको थियो । कोणासभामा उनीहरुले प्रधानमन्त्री ओलीले नेपाल-भारतबीचको सदियौंदेखिको रहेको सम्बन्धलाई कुतर्क गरेर तोड्न खोजेको भन्दै आक्रोश पोखेका थिए । आदि कवि भानुभक्त अचार्यको जन्मजयन्तिका अवसरमा सोमबार प्रधानमन्त्री ओलीले भगवान रामको जन्मस्थल भारतको अयोध्या नभइ पसोको वीरगञ्जस्थित चितवन ठोरी रहेको अभिव्यक्ति दिएका थिए । प्रधानमन्त्री ओलीको उक्त अभिव्यक्तिलाई लिएर सर्वत्र आलोचना भइरहेको छ ।

राजविराज जलमग्न

राजविराज । लगातारको वर्षाले सप्तरी सदरमुकाम राजविराजको विभिन्न सडक जलमग्न बनेको छ । अदालत रोड, तेतरी गाछीसहितका सडकमा पानी पसेको छ । बडा नम्बर २ र ५ का धेरै व्यक्तिको घरमा पानी पसेको छ । जिल्लाको हनुमाननगर कंकालनी नगरपालिका बडा नम्बर १४ गोबरगाढाको पुरै बस्तीमा पानी पसेको छ । पानीले डुबान भएपछि बस्ती नै घिरएका छन् । यहाँ झण्डै ३० परिवारका २ सय जनाभन्दा बढी व्यक्ति घेरिएका छन् । यस्तै बडा नम्बर १३ रम्पुरा मल्हनियाँ, तिलाठी कोइलाडी गाउँपालिकाको बडा नम्बर १ सहितका ठाउँमा पानी पसेपछि त्यस क्षेत्रका बासिन्दा समस्यामा परेका छन् ।

सुत्केरी तथा गर्भवतिलाई पोषण सामग्री

चन्दनकुमार यादव, राजविराज । बहुक्षेत्रीय पोषण योजना कार्यक्रमअन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई पोषण सामग्री वितरण गरेपछि उनीहरू उत्साहित भएका छन् । विहीवार राजविराज नगरपालिकाका उपप्रमुख साधना भाले राजविराज १४ स्थित को मधेपुरामा गर्भवति तथा सुत्केरी महिलालाई पोषणका सामग्री वितरण गरेपछि उनीहरू उत्साहित भएका छन् । राजविराज नगरपालिका र युनिसेफको सहयोगमा सचालित बहुक्षेत्रीय पोषणअन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई कुखुराको अण्डा दुई क्रैट, १० किलो चामल, दुई पोका नुन, चना दुई केजी, खानेतेल दुई किलो, डिटोल साबुन दुई थान लगायतका सामग्री वितरण गरिएको राजविराज नगरपालिका बहुक्षेत्रीय पोषण कार्यक्रममा सहजकर्ता रंजिता कुमारी यादवले बताइन् । पहिलो चरणमा नगरपालिकाले बडा १४ मा गर्भवति र सुत्केरी महिलाहरूलाई पोषण सामग्री वितरण गरेको बडा नम्बर १४ का बडा अध्यक्ष शोभालाल मण्डलले जानकारी गराएका छन् । मधेपुरा का ६० जना सुनौलो हजार दिनका गर्भवति तथा सुत्केरी महिलाहरूलाई पोषणका सामग्री वितरण गरिएको उनले बताए । यसैगरी नगरपालिका स्वास्थ्य शाखाले ६० जना गर्ववति तथा सुत्केरी महिलाहरूलाई दुई बटा साबुन समेत वितरण गरिएको स्वास्थ शाखा प्रमुख निरन्जन यादवले जानकारी दिएका छन् । गरिव विपन्न, सुनौलो हजार दिनका महिलारूका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमले उनीहरूको व्यवहारमा परिवर्तन हुन थालेपछि उनीहरू उत्साहित हुँदै गएको राजविराज नगरपालिकाका बहुक्षेत्रीय पोषण योजना कार्यक्रमका फोकल पर्सन निरन्जन यादवले बताए । राजविराज नगरपालिका बडा नम्बर २, ५ र १४ का सुत्केरी, गर्भवति महिलाहरूलाई पोषणका सामग्रीहरू वितरण गरिने नगरपालिका स्वास्थ्य प्रमुख समेत रहेका निरन्जन यादवले जानकारी दिएका छन् ।

सांसद प्रभु साहले सार्वजनिक गरे आफ्नो वार्षिक काम कारवाहीको हिसाबकिताब

रौतहट। रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साहले आर्थिक वर्ष २०७६/०७७ मा आफ्नो निर्वाचन क्षेत्रमा भएका काम कारवाहीको विवरण सार्वजनिक गरेका छन्।

हरेक वर्षझैं यस पटक पनि आर्थिक वर्षको अन्त्यमा सांसद साहले आफ्नो वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरेका छन्।

पछिल्लो समय देखिको विश्वव्यापी कोरोना महामारी र लकडाउनले सृजना गरेको असहज परिस्थितका बावजुद पनि उनको निर्वाचन क्षेत्रमा निकै महत्वपूर्ण कामहरु भएको सांसद साहद्वारा आज (सोमबार) सार्वजनिक प्रतिवेदनमा उल्लेख छ। सामाजिक दुरी कायम गरी केही दिनमै घर घरमा प्रतिवेदन पठाउने उनले बताएका छन्।

विगत एक वर्षमा कोरोना महामारी केन्द्रित, विकासका पूर्वाधार निर्माण, जनहित तथा जनपरिचालन, सामाजिक एवं आर्थिक पक्षलगायतका उल्लेखनीय कार्यहरु यस क्षेत्रमा सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ।

तीन वटा माध्यमिक विद्यालयलाई नमुना विद्यालय बनाउन आवश्यक पुर्वाधार र निर्माण कार्य सुरू गरिएको तथा थप दुई विद्यालयलाई नमुना बनाउने प्रक्रिया सुरू भएको जनाइएको छ।

साक्षरता अभियानलाई प्रभावकारी बनाउने उद्देश्यले मौलापुरमा साक्षरताको लागि सांस्कृतिक कार्यक्रमदेखि देवाही गोनाहीमा नगर स्तरिय अन्तर्गक्रिया एवं प्रत्येक नगरमा नगरपालिकामार्फत साक्षरता कार्यक्रम संचालन भएको तथा मौलापुरमा प्राविधिक शिक्षालय स्थापना एवं कटहरीया मा.वि. लाई प्राविधिक शिक्षालय संचालनको अनुमतिको व्यवस्था मिलाई शैक्षिक सुधारमा अग्रसर रहेको प्रतिवेदनमा उल्लेख गरिएको हो।

७ माध्यमिक विद्यालयहरूमा सुचना प्राविधिक प्रयोगशालाको जडान प्रक्रिया सुरू गरिएको र ई-लाइब्रेरीमा जोड दिंदै मौलापुरमा पुस्तकालयको स्थापना एवं संचालन भएको छ।

स्वास्थ क्षेत्रमा सुधार गर्न कटहरीया, मौलापुर र शिवनगरमा पन्ध्र शैयाको अस्पताल भवनको ठेक्का प्रक्रिया सुरू गराइएको र प्रत्येक बडाहरूमा नगरपालिका मार्फत स्वास्थ्य चौकी भवन निर्माणको प्रारम्भ गरिएको छ।

धुँवा चुलोमुक्त क्षेत्र बनाउन चुनावी प्रतिबद्धता अनुरूप मौलापुर नगरपालिका र फतुवा विजयपुर नगरपालिकाको प्रत्येक घर-घरमा ग्यास सिलिन्डर पुऱ्याई अढाई वर्षमै पुर्ण रूपमा धुँवा चुलो मुक्त नगर निर्माण गरिएको छ भने कटहरीया र देवाही गोनाही नगरपालीकामा आठ सय पांच घर परिवारमा ग्यास चुल्हो सिलिन्डर वितरण गरिएको, साथै गुजरा र गरूडा नगरपालिकामा चार सय पाँच घर परिवारमा ग्यास सिलिन्डर वितरण गरिएको छ।

तामागढ-(विजयपुर-बंकुल, परसवा-खतवहिया, हरिहरपुर-कटानी, जमुनिया-कटहरिया, कटहरिया-बहादुरपुर र फतेपुर-बगही लगायतका सडक कालोपत्र गरिएको छ। धनसर-जंगलसैया-कटहरीया, बालचनपुर-जंगलसैया-कोल्वी, बलुवा-उचिडिह-गोनाही, कटहरिया-कर्कच-टिकुलिया र देवाही-खेसरहिया, बैरगनिया-घुसुकपुर-गम्हरिया लगायतका सडक कालो पत्र गर्ने कार्य अगाडि बढेको छ।

जयनगर-मौलापुर सडकमा कालो-पत्र करीब करीब सम्पन भएको छ भने गरूडा-कटहरीया-कलैया सडक वैकल्पिक राजमार्गको रूपमा सुचिकृत भई निर्माण कार्य अगाडि बढाइएको छ।

मौलापुर-गम्हरिया सडक, सगैया-पथरा-अजगैबी सडक र गम्हरिया-चिरचिरिया-सोनरनिया, मर्यादपुर-सितलपुर-मेवा सडकमा कालो पत्रको कार्य तीव्र रुपमा अगाडी बढेको छ भने गरूडा नगरपालिका अन्तर्गत शिवनगर, गरुडा, लक्ष्मीपुर लगायतको क्षेत्रमा सडक पिच एवं ढलान भएको छ।

हर्षाहा-खतवहिया-छेदीचौक, डुमरिया-कटानी-जंगलसैया तथा ईस्लामपुर-कटानी-मैढा सडकको स्तरोन्नतिको कार्य भएको छ भने पोठीयाही, शिवनगर, भिन्डाबर (पिपरीया), कटहरिया, जमुनिया, डुमरीया, बहादुरपुर, मौलापुर, सोनरनिया, टेंग्राहा, सितलपुर लगायतका दर्जनौ गाउंमा स्तरीय सडक ढलानको कार्य भएको छ।

सांसद साहको संसदीय बजेटबाट जयनगर देखि धरहरीसम्मको सडक कालोपत्र, टेंग्राहामा सडक ढलान, गुजरा न.पा. अन्तर्गत प्रतापपुर पल्टुवामा एकीकृत दलित घर निर्माण, विजयपुर विवाहमण्डप तथा मनरुप स्मृति पार्क निर्माण, ईस्लामपुर-मैढा सडक, डुमरिया-कटानी-जंगलसैया सडक एवं दुधिअवा-गर्जा सडक लगायतको सडकहरूको स्तरोन्नति, सन्तपुरमा ईदगाह र ब्रह्म मन्दिर निर्माण, भमेडवामा दलित सामुदायिक घर निर्माण, पिपरीयामा राम कबिर मन्दिर निर्माण गरिएको छ।

त्यस्तै लक्ष्मीपुर-अमरपट्टिमा सामुदायिक घर, गुजरा न.पा.-४ सोनार डिहमा मोक्तम निर्माण, दुधिअवा-अकोनवा, हिमालीवास -खैरा, बाके -गम्हरिया, डुमरिया-जंगलसैया-कोल्भी, हर्साहा-छेंद्री चौक, इस्लामपुर-कटानी तथा सोनर्निया-टेंग्राहा-मेवा लगायतका सडक स्तरोन्नति गरिएको छ।

कोरोना संक्रमणबारे जनचेतना अभिवृद्धि गर्न विभिन्न अडियो र भिडियो निर्माण एवं प्रसारण, कोरोना संक्रमण नियन्त्रण र रोकथाममा आफुले सकेजति योगदान गर्दै सम्बन्धित निकाय एवं संघ र प्रदेश सरकारहरूलाई जिम्मेवारीपूर्ण ढङ्गले लाग्न प्रेरित गरेको उनले जनाएका छन्।

आफ्नो व्यक्तिगत पहलमा निर्वाचन क्षेत्रको सम्पुर्ण नगरपालिकाहरूमा १०००/१००० थान सर्जिकल मास्क, ५०-५० थान एन ९५ मास्क, १००-१०० थान ग्लब्स, २-२ सेट पिपिई र सेनिटाईजर ५-५ लिटर लगायत स्वास्थ्य सामग्री वितरण गरेको तथा लकडाउनले रोजगार विहिन भएका श्रममा आश्रित परिवारलाई राहत उपलब्ध गराउन पहल गर्दै काठमाण्डौमा अलपत्र रहेका पीडित परिवारलाई सहयोग गरेको प्रतिवेदनमा जनाइएको छ।

'यस धर्तीमा विकास भएको भगवान शिवको विशेष अनुष्ठान 'मधानी महायज्ञ' लाई अन्तर्राष्ट्रियकरण गर्न सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा भव्य कार्यक्रमको आयोजना गरिएको छ' प्रतिवेदनमा उल्लेख गरिएको छ।

साक्षरता अभियानलाई प्रभावकारी बनाउन, शिवनगर विधुत प्रशाखालाई शाखामा बदल्न, एवं समग्र शान्ति सुरक्षालगायतका जनताको जीवनसंग जोडिएको विषयमा निरन्तर जनपरिचालन गरिएको छ।

समाजमा रहेको विभेद र अभावलाई ध्यानमा राखेर पीडितहरुको संरक्षणको लागि योजनाबद्ध पहल, विरामीहरूको उपचारमा विभिन्न किसिमको निरन्तर सहयोग, वैदेशिक रोजगारमा ठगिएका र अलपत्र परेकाहरूको संरक्षणका लागि विशेष पहल एवं सरकारी सेवामा जनताको सहज पहुँच पुर्याउन आवश्यक सहयोग जस्ता कार्यहरू गरिएको छ।

'बाढी लगायतका प्रकोपबाट त्रसित जनतालाई संरक्षणको लागि विशेष पहल गर्दै क्षतिग्रस्त संरचनाको तुरून्त पुनर्निर्माण गरिएको तथा शोषित र उत्पीडितलाई दैनिक कार्यमा सहजता प्रदान गर्न कटहरीया र विजयपुरमा पनि कार्यालय स्थापना एवं संसदीय सचिवालयको व्यवस्था गरिएको छ' प्रतिवेदनमा उल्लेख गरिएको छ।

क्षेत्रमा सम्पन्न हुने धार्मिक, सांस्कृतिक कार्यक्रमहरूमा सहभागी हुने तथा समाजमा रहेको विकृति र विसङ्गति हटाउन र समाजलाई सही दिशामा अगाडि बढाउन आवश्यक गीतहरू अडियो(भिडियो) निर्माण गरिएको भनी उनको प्रतिवेदनमा उल्लेख छ।

यी बाहेक सिचाइ, सुचना प्रविधि, खानेपानी, ढल तथा नाला निर्माण, भवन निर्माण, तटबन्धलगायतका कामहरु गरिएको छ।

एमसीसीबारे जसपाको प्रवास प्रदेश समितिको सुझाव

काठमाडौं। जनता समाजवादी पार्टीको प्रवास सङ्गठनले सरकारलाई एमसीसी सम्झौता बारेमा पाँच महत्वपूर्ण सुझाव दिएको छ। पार्टी प्रवास प्रदेश समितिका उपाध्यक्ष एवं एमसीसी अध्ययन तथा सुझाव कार्यदलका संयोजक मिलनकान्छा किरॉतीले नेपाल सरकार र सम्वन्धित पक्षलाई सुझाव दिइएको बताए।

उनले भने, 'यो हाम्रो प्रवास कमिटीको साझा धारणा हो। पार्टी केन्द्रलाई ईन्चार्ज आङ्काजी शेर्पामार्फत र बाँकी मिडियामार्फत सार्वजनिक गर्दै जनतालाई सुसूचित गरिएको छ। सरकारलाई सुझाव दिइएको छ। हामीले एमसीसीबारे सात सकरात्मक पक्ष, आठ नकरात्मक पक्ष र पाँच सुझाव प्रस्तुत गरेका छौं।'

एमसीसी सम्झौता अध्ययन तथा सुझाव प्रतिवेदन तयार गर्न तीन सदस्यीय कार्यदल गठन गरेर प्रवास सङ्गठन मातहत रहेका एक्काईस वटा देशको नेपाली समाजबाट समेत महत्वपूर्ण सल्लाह, सुझाव लिएर प्रतिवेदन तयार गरिएको उनले बताए।

जनता समाजवादी पार्टीको प्रवास सङ्गठनले सार्वजनिक गरेको एमसीसीबारे सात सकरात्मक पक्ष, आठ नकरात्मक पक्ष र पाँच सुझाव यस्तो छः

सकरात्मक पक्ष

(१) उर्जा व्यापारलाई सहजीकरण गरी तथा नेपालको विद्युत ग्रिडमा विद्युत आपूर्तिको उपलब्धता तथा स्थिरतामा सुधार गरी विद्युतको उपभोग वृद्धि गर्ने लक्ष्य राम्रो छ।

(२) यो अनुदान हो। प्राविधिक पक्षमा यो परियोजनाले अति नै महत्व राख्दछ।

(३) नेपालमा विद्युत प्रशारण लाईनको कमी छ। आउने एकदुई वर्षमा २५०० मेघावाट विद्युत उत्पादन हुने संभावना छ। यसमा यस परियोजनाले मद्दत गर्न सक्छ।

(४) विद्युत उत्पादनमा लगानी गर्ने वैक, वित्तिय संस्थाहरुले जोखिम बढेको भनेर लगानी घटाएकोले चालु आयोजनाहरु पनि अलपत्र हुनसक्ने अवस्था आएको छ। यसले राहत दिने छ।

(५) विद्युत उत्पादनको संभावनालाई अधिकतम लाभ लिन सक्ने गरि परियोजनालाई लिन सकिन्छ।

(६) परियोजनामा ४० करोड अमेरिकी डलर ६१७ किमी ४०० केभी विद्युत प्रसारणको लागि रहेको। नेपालजस्तो ठूलो जलस्रोतको दोस्रो धनी देशको लागी सुखद पक्ष हो।

(७) परियोजनामा गरिवी निवारण गर्ने उल्लेख गरिएको। गरिवी निवारण नै नभए तापनि प्राथमिकतामा राखेर चासो, चिन्ता र प्रयासहरु हुनु सबल पक्ष हुन।

नकरात्मक पक्ष

(१) एमसीसी सम्झौताका शर्तहरु प्रशस्त छन। सहयोगभन्दा शर्तका बुँदाहरुले भरिएका छन।

(२) यो परियोजना भारतलाई विद्युत बिक्री गर्ने उद्देश्यले प्रेरित छ। किनकि, नेपालमा यस परियोजनाबाट उत्पादित विद्युत प्रयोग गर्ने कुनै एक्सेस छैन।

(३) धारा २ को दफा २.७ मा उल्लेख भएअनुसार नेपालको सङ्घीय संसदबाट पारित गरी परियोजनाको शर्तहरु उलङ्घन हुनसक्ने नेपालको ऐन, कानुनहरु बारेज गर्नुपर्ने कुरा आश्चर्यजनक छ।

(४) धारा २ को दफा २को ८को (क) मा उल्लेख भएअनुसार परियोजनालाई सबै प्रकारको कर छुट दिइने कुरा पनि निन्दनीय छ।

(५) .धारा ३को दफा ३.२ को (ग) मा उल्लेख भएअनुसार हाल थाहा भएको तथा सम्झौता पछि प्राप्त हुने सबै प्रकारको वौद्धिक सम्पतिमा अमेरिकाको एकलौटी अधिकार हुने कुराले परियोजना किन र कसका लागी प्रश्न उठ्छ।

(६) धारा ३ को दफा ३ (८) को (क)मा उल्लेख भएअनुसार एमसीसीले नियुक्त गरेको लेखापरीक्षकले मात्र परियोजनाको लेखापरीक्षण गर्न सक्ने कुराले विश्वास भन्दा आशङ्का पैदा गर्ने देखिन्छ।

(७) धारा ५ को (क) र (ख) उल्लेख भएअनुसार परियोजनालाई जुनसुकै बेला एकलौटी खारेज गर्नसक्ने कुराले थप आशङ्का र चिन्ता बढाएको देखिन्छ।

(८) धारा ७ को दफा ७ को (क)मा उल्लेख भएअनुसार प्रस्तुत सम्झौता लागु भए पश्चात प्रस्तुत सम्झौता र उल्लेखित नेपालको राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछ भन्ने पक्षहरुको बुझाई छ भन्नुको तात्पर्यले नेपालको ऐन, कानुन, संविधानलाई समेत यसले चुनौती दिएको छ। राष्ट्रियता र स्वधीनतामा सौदाबाजी गर्न सकिदैन ।

निष्कर्ष/सुझावहरु:

नेपालले जुनसुकै देशसँग सहयोग, अनुदान लिनसक्छ। लिइरहेको छ। मित्रवत दुराग सहकार्य गर्न सक्छ। गरिरहेको छ। तर, राष्ट्रियता र स्वधीनतामा आँच आउने खालको शर्तहरु राखेर सहयोग लिन र सहकार्य गर्न सक्दैन। कुनै पनि राष्ट्रघात हुनजाने शर्तहरु राखेर कसैले सहकार्य गर्ने र सहयोग दिने प्रस्ताव गर्दछ भने नेपाली जनतालाई मान्य हुने छैन। एमसीसी सम्झौताका शर्तहरु गम्भीर प्रकृतिका देखिन्छन। यसमा उल्लेखित शर्तहरु हेर्दा यो मित्र लुट, अझ मित्र उपनिवेश र बाहिर आर्थिक सहयोगजस्तो देखिन्छ। यो फरक रुपधारण गरी भित्रिन खोजेको ईष्ट ईण्डिया कम्पनीजस्तै हो भन्दा फरक पर्दैन।

नेपालजस्तो विकाशोन्मूख देशले सबैको सहयोग रहोस् भन्ने चाहन्छ। द्वन्द र अशान्ति कारण देखाएर थुपै मुलूकहरु नेपालसँग सहकार्यबाट टाढिदै गएका अवस्थामा अमेरिकाजस्तो महाशक्ति देशसँग सहकार्य गर्न पाउनु खुशीको कुरा हो। एमसीसी अवसर र चुनौती दुवै हो।

यसलाई अवसरको रुपमा उपयोग गर्नको निम्ति गम्भीर प्रकृतिका शर्तहरु राखिनु हुदैन। हटाइनु पर्दछ। माथि उल्लेखित नेपाललाई असर पुग्नसक्ने शर्तहरुमा पुनर्विचार गर्न अमेरिका तयार भएमा यो सहयोग लिन सकिन्छ। अन्यथा यी सबै शर्तहरु यथावत राखेर एमसीसी सम्झौता गर्नु राष्ट्रविकास होइन राष्ट्रघात हुनजाने निश्चित छ।

सम्झौता अनुमोदनको लागि निम्न कुराहरुमा ध्यानदिनु पर्दछ:

(१) संम्झौताका आसंकाएूर्ण र अस्पष्टधारारुरु थप व्याख्या गरेर संम्झौताको नै अङ्ग बनाउने,

(२) अनन्तकालसम्म बाँच्ने धाराहरु रहेकोले त्यसलाई निस्कूया बनाउनुपर्ने,

(३) नेपालको पनि १३करोड डलर लगानी भएपछि कमसेकम त्यत्ति नै अंशको अधिकार पाउने प्रावधान हुनुपर्ने,

(४) ईण्डो प्यासिफिक स्ट्राटेजीको भएको वा नभएको स्पष्टधारणा ल्याउनुपर्ने र भएको भए सम्झौता रद्द गरिनु पर्ने,

(५) नेपालको सार्वभौमसत्ता सम्पन्न जनताको राष्ट्रियता र स्वधीनतामा आँच नआउने गरी मालिक र नोकरजस्तो नभई मित्रवत रुपमा सहकार्य गर्ने र सहयोग लिनेदिने कार्य गर्ने।

संक्षिप्त समाचार

ट्राफिक व्यवस्थापन सामग्री प्रदान

रौतहट। गौर नगरपालिकाले सवारी दुर्घटना न्यूनीकरण गर्नका लागि सहयोग पुग्ने उद्देश्यले तयारी गरिएको ट्राफिक व्यवस्थापन सामग्री सोमवार जिल्ला ट्राफिक कार्यालय गौरलाई हस्तानान्तरण गरेका छन्। गौर नगरपालिकाको सभाहलमा आयोजित एक कार्यक्रमको बीचमा नगर प्रमुख अजय कुमार गुप्ताले ट्राफिक प्रहरी सहायक निरीक्षकलाई जनचेतनामूलक ट्राफिक नियम लेखिएको संकेत चिन्ह र स्टिकर जिम्मा लगाएका हुन्। ट्राफिक नियमको पलना गराउनमा सहयोग पुग्ने उद्देश्यले ट्राफिक व्यवस्थापन सामग्री उपलब्ध गराइएको बताउँदै मेयर गुप्ताले यसबाट सवारी दुर्घटनामा कमी आउनुको साथै ट्राफिक नियम चिन्हको बारेमा जानकारी प्राप्त हुन सक्ने दावी गरे। नगरपालिकाको विभिन्न ठाउँ, पार्किंग स्थल, बाजार, निकास र प्रवेश गर्ने नाकाहरुमा ट्राफिक नियम सम्बन्धी फ्लैस प्रिंट व्यवस्थापन समेत गरिएको छ।

नेपाल प्रहरीलाई उद्धार सामग्री प्रदान

जनकपुरधाम। बाढी पहिरोमा परेकाहरुको उद्धार कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले प्रदेश २ सरकारले नेपाल प्रहरीलाई उद्धार सामग्रीहर प्रदान गरेको छ। प्रदेश २ सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले प्रदेश प्रहरी प्रमुख डीआइजी धिरजप्रताप सिंहलाई ती सामग्री हस्तान्तरण गरे। सामग्री पाएपछि प्रहरी प्रमुख सिंहले उद्धार कार्यमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। सो अवसरमा डुंगा ४ थान, मास्टर प्याडल ४ थान, हेलमेट ३२ थान, आउटफिल्टर प्याडल ३२ थान, लाइफ ज्याकेट ३२ थान, ब्यारेल ह्याण्ड पम्प ४ थान, लाइफ लाइन रोप ६० एमएमको ४ थान, बोलाइन रोप ओभरल सय मिटरको ४ थान र राफ्ट केरी ब्याग ४ थान प्रदान गरिएको छ।

अटो र मोटरसाइकल ठोक्किदा एकको मृत्यु

कैलाली। घोडाघोडी नगरपालिका-२ स्थित सडकमा अनटेष्ट लेखिएको अटो र म.२ प ७९७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मोटरसाइकल चालक दार्चुला घर भई कंचनपुर भिमदत्त नगरपालिका-९ बस्ने ४१ वर्षीय कुस्माकर जोशीको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका जोशीको घोडाघोडी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

कटुवा पेस्तोल र गोलीसहित दुई जना पक्राउ

कैलाली। धनगढी उपमहानगरपालिका-७ बेलीस्थित सडकबाट कटुवा पस्तोल १ थान र गोली १ राउण्डसहित २ जनालाई बुधवार विहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा दाड तुलसीपुर उपमहानगरपालिका-९ बस्ने निर्वाण भन्ने ४४ वर्षीय ओम प्रकाश पुन र डडेल्धुरा पर्शुराम नगरपालिका-७ घर भएकी पूर्णीमा भन्ने २७ वर्षीया गौरा धामी रहेका छन्। गोप्य सूचनाको आधारमा खटिएको विशेष प्रहरी टोलीले उनीहरु सवार प्रदेश २०३८००५ प ९५९७ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा पुनको झोलामा लुकाई छिपाई राखेको अवस्थामा उक्त पेस्तोल र गोली बरामद गरी उनीहरुलाई पक्राउ गरेको हो। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ।

अवैध लागूऔषध गाजासहित पक्राउ

पर्सा। बहुदरमाई नगरपालिका-१ स्थित विश्रामपुर चोकबाट अवैध लागूऔषध गाँजा ४ केजीसहित २ जनालाई बुधवार दिउंसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा ना.४८ प ६१५१ नम्बरको मोटरसाइकलमा सवार विन्दवासिनी गाउंपालिका(३ झौबागुठी बस्ने ४० वर्षीय जिरजोधन प्रसाद चौरसिया र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ३० वर्षीय सुनिल साह रहेका छन्। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले जाँच गर्दा उक्त मोटरसाइकलमा सवार उनीहरुलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

खोलाले बगाउँदा मृत्यु

मोरङ। रतुवामाई नगरपालिका-३ चौकिघाटबाट रतुवा खोला तरी झापातर्फ जाने क्रममा असार २८ गतेखोला तर्ने क्रममा वगाईवेपत्ता भएकासोही नगरपालिका(७ बस्ने २३ वर्षीय अरुण ऋषीदेवको मृत्यु भएको छ।उनको खोजी गर्ने क्रममा सोही ठाउँ मिर्चाडांगीमा खोलामा बुधवार दिउंसो शव फेला परेको हो।

विभिन्न धनमाल चोरी

कपिलवस्तु। बाणगंगा नगरपालिका-८ लौगाई बस्ने तान बहादुर खड्काको घरबाट बुधवार दिउंसो करिव ५ तोला बराबरको सुनका विभिन्न गहना,६ तोला चाँदी र नगद २ लाख ९४ हजार रुपैयाँ चोरी भएको छ। चोरीमा संलग्न व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

लागूऔषधसहित दुई पक्राउ

कपिलवस्तु। बाणगंगानगरपालिका-११ ओदारीवाट नियन्त्रित लागूऔषध स्पास्मो १ सय ३२ ट्याब्लेट, नाईट्राभेट४ पिस र एकसय एमएलको कोरेक्स र बोतल सहित २ जनालाई मंगलवार दिउंसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा मायादेवी गाउंपालिका(२ बस्ने२८ वर्षीय शंसादमुसलवान र मायादेवीगाउंपालिका(१ बस्ने २९ वर्षीय राजेश केवट रहेका छन्। प्रहरी चौकी ओदारीबाट खटिएको प्रहरीले तौलिहबाबाट जितपुरतर्फ जदि गरेको युपि ५६ एल ३०४९ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

ब्राउनसुगरसहित युवक पक्राउ

बाँके। नेपालगंज उपमहानगरपालिका-१० गणेशमानचोकबाट अवैध लागूऔषध ब्राउनसुगर १ ग्राम सहित सोही उपमहानगरपालिका(१६ जयसपुर बस्ने २०वर्षीय लल्लु बर्मालाई मंगलवार दिउंसो प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

खोलामा डुबेर बालिकाको ज्यान गयो

रुपन्देही। मायादेवी गाउंपालिका(१ दुविहवाबस्ने प्रताप गौषको २ वर्षीया छोरीसुरुचीगौषको आफ्नै घर नजिकै रहेको केहीलवाखोलामा डुबेर मंगलवार दिउंसो मृत्यु भएको छ। खोलामा डुबेर अशक्त भएका उनको स्थानीय मेडिकलमा उपचारकोक्रममा मृत्यु भएको हो।

जुवातास खेलिरहेका पाँच जना पक्राउ

बाँके। कोहलपुर नगरपालिका-११ गोलपार्क बस्ने ४५ वर्षीय टोल प्रसाद हमालकोघरमा जुवातास खेलिरहेको अवस्थामा हमाल समेत ५ जनालाई मंगलवार दिउंसो प्रहरीले पक्राउ गरेको छ। जुवा खेलिरहेको ठाउँबाट नगद २ लाख ५ हजार ४ सय ५० रुपैयाँ र १ गड्डी तास प्रहरीले बरामद गरेको छ। उक्त घरमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

कैलाली। घोडाघोडी नगरपालिका(२ स्थित सडकमा अनटेष्ट लेखिएकोअटो र म.२ प ७९७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक दार्चुला घर भई कंचनपुर भिमदत्त नगरपालिका(९ बस्ने ४१ वर्षीय कुस्माकर जोशीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका जोशीको घोडाघोडी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

भैसी र राँगा नियन्त्रण

पर्सा। पोखरिया नगरपालिका-५ स्थितबाट अवैध रुपमा भंसार छली नेपालतर्फ ल्याउदै गरेका ४ लाख ४० हजार रुपैयाँ बराबरको भैसी तथा राँगा शनिबार प्रहरीले नियन्त्रणमा लिएको छ। विशेष सूचनाको आधारमा २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुर तथा जिल्ला प्रहरी कार्यालय पर्सावाट खटिएको प्रहरीले उक्त भैसी तथा राँगा नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि वीरगंज भंसार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्सालै जनाएको छ।

बाढी र पहिरोबाट जोगिन सावधानी अपनाउन प्रभुको आग्रह

काठमाडौं । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश २ का अध्यक्ष प्रभु साहले बाढी र पहिरोको खतराबाट जोगिन सबैलाई सचेत गराएका छन् ।

पुर्व मन्त्री तथा सांसद समेत रहेका साहले देशका विभिन्न जिल्लाहरुमा आएको बाढी पहिरोबाट भएको क्षतिवारे दुःख व्यक्त गर्दै सावधानी अपनाउन आम नागरिक र सरकारलाई अनुरोध गरेका छन् ।

उनले सिन्धुपाल्चोक, गुल्मी, बझा ड, म्याग्दी लगायत देशका विभिन्न जिल्लामा बाढी तथा पहिरोका कारण ठूलो मानवीय र धनमालको क्षति हुनुका साथै कतिपय स्थान डुबानमा परेको घटनाले दुखित तुल्याएको बताएका छन् ।

बेपत्ता र घरबार्विहिन भई बिचल्लीमा परेकाहरुका लागी तत्काल उद्दार तथा

राहत कार्यमा जुट्न सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउदै उनले सुरक्षा निकायसहित विपद व्यवस्थापनमा खटिने निकायलाई तयार रहन आग्रह गरेका छन् । आगामी केही दिन अविरल वर्षा हुने बाढी पहिरो आउने सम्भावना उच्च रहेकोले आ-आफ्नो पूर्व तयारी गर्न आम नागरिकलाई अनुरोध समेत गरेका छन् । सामाजिक सञ्जालमार्फत सांसद साहले भनेका छन्, 'नेपालमा मनसुन वर्षा थप सक्रिय भईसकेकोले सिन्धुपाल्चोक लगायत देशका विभिन्न जिल्लामा बाढी, पहिरो तथा डुबानका कारण ठूलो मानवीय र धनमालको क्षति भएको घटनाप्रति गहिरो दुख, मृतकहरुपति भावपूर्ण श्रद्धाञ्जली तथा यस प्राकृतिक प्रकोपबाट प्रभावित परिवारजनमा हार्दिक संवेदना व्यक्त गर्दै बेपत्ता र घरबार्विहिन भई बिचल्लीमा परेकाहरुका लागी तत्काल उद्दार तथा राहत कार्यमा जुट्न सम्बन्धित पक्षहरुको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।'

अबको ३/४ दिनसम्म देशभर अझ भारी वर्षा हुने भएकोले मुख्यतः पहाडमा पहिरो तथा तराई-मधेशमा बाढी र डुबानको थप समस्या आउन सक्ने पूर्वानुमान मौसमविदहरुले गरेका छन् ।

'यस जोखिमयुक्त विपतको समयमा तपाई सम्पूर्णलाई विशेष सतर्क रही आ-आफ्नो स्थान र स्तरबाट सहयोगी बन्न तथा तीनै तहका सरकार र मुख्यतः सुरक्षा एवं स्वास्थ्य क्षेत्रमा संलग्न (नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, रेडक्रस आदि) व्यक्ति र संस्थाहरुलाई उद्धार तथा सहायताका लागी हरदम तत्पर-तयारी अवस्थामा रहन आग्रह समेत गर्दछु' साहले भनेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विहीबारदेखि चार दिनसम्म पानी पर्ने पूर्वानुमान रहेको छ ।

बाढी पहिरोले पुऱ्याएको क्षतिप्रति पूर्वराजाद्वारा दुःख व्यक्त

काठमाडौं । यो वर्षको बर्षातको कारण हिमाल, पहाड र तराईका विभिन्न भागमा बाढी, पहिरो र डुबानले पुरयाएको क्षतिप्रति पूर्वराजा ज्ञानेन्द्र शाहले दुःख व्यक्त गरेका छन् । पूर्वराजा शाहले सोमबार एक विज्ञप्ति जारी गरी दुःख व्यक्त गरेका छन् । उनले भनेका छन्, 'धेरैले ज्यान गुमाएको, घाइते हुनु परेको, आफ्नो घर, गोठ तथा जायजेथा गुमाउनु परेको र धेरै घरबार विहिन भएको सुन्दा, देख्दा र बुझ्दा म अत्यन्त दुखित भएको छु ।'

शोक, वियोग, व्यथा र वेदनाको यो स्थितिमा सबैबाट सबैको राहत, उद्धार र उपचार होस् भन्दै उनले भनेका छन्, 'विनासको यो बेला पर्याप्त सहयोग, सुव्यवस्था तथा निगरानी पुगोस् भन्ने मेरो आग्रह छ । हाम्रो जस्तो पर्वतीय मुलुकमा बाढी, डुबान र भूःक्षयको जोखिम हरेक वर्ष हुने प्रकृया हो, त्यसैले यसको रोकथाम र सजगताको निम्ति समय मै पर्याप्त ध्यान दिन सके क्षति न्यूनिकरणमा योगदान पुग्नेछ ।'

प्रतिकूल मौसमी प्रकृतिका कारण उत्पन्न प्रकोप र पीडाबाट जनताले मुक्तिको सास फेर्न पाउन् भन्ने कुरा पूर्वराजा ज्ञानेन्द्रले ईश्वरसँग प्रार्थना गरेका छन् ।

'प्राकृतिक विपदको यो समयमा म शोक सन्तप्त पिडित सबैमा हार्दिक समवेदना व्यक्त गर्दै घाईते भएका सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।' उनले विज्ञप्तिमा भनेका छन् ।

प्रदेश २ सरकारको बजेट बहुमतले पारित

जनकपुरधाम । प्रदेश २ सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि ल्याएको बजेट बहुमतले पारित भएको छ ।

यसअघि सर्वसम्मतले पारित हुँदै आएको प्रदेश २ को बजेट यसपटक भने मत विभाजन प्रक्रियाले बहुमतले पारित भएको हो । आइतबार साँझ बसेको प्रदेश सभा बैठकमा बहुमतले विनियोजना विधेयक ०७७/०७८ पारित गरेको हो । सर्वसम्मतबाट बजेट पास नभएपछि मतविभाजन प्रक्रियामा गएर बजेट पारित गरिएको हो ।

प्रदेश २ सरकारले आगामी आर्थिक वर्ष ०७७/७८ को लागि ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजारको बजेट विनियोजन गरेको छ ।

प्रदेश २ मा १ सय ७ सांसद छन् । जसमध्ये आइतबारको बैठकमा ७४ सांसद उपस्थित थिए भने ६ जना अनलाईन (जुम) मा गरी ८० जनाको सहभागितामा बैठक बसेको थियो । जसमा विनियोजना विधेयकको पक्षमा ४८ जना सांसदले मतदान गरेका छन् ।

प्रदेश २ सरकारले आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि ल्याएको रु ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजारको बजेट चालु आर्थिक वर्ष २०७६र७७ भन्दा ५ अर्ब १६ करोड ९० लाख कम हो ।

चालु आर्थिक वर्षमा प्रदेश २ सरकारले रु ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजारको बजेट ल्याएको थियो । जसमा चालुतर्फ रु १९ अर्ब ११ करोड, ९७ लाख ३८ हजार र पुँजीगततर्फ रु १९ अर्ब २६ करोड, ५४ लाख ६४ हजार राखिएको थियो ।

मत विभाजन प्रक्रियामा सदनमा सहभागि सांसदलाई पक्ष र विपक्षमा उभिन लगाइएको थियो । बैठकमा आर्थिक मामिला तथा येजनामन्त्री विजय यादवले प्रस्ताव गरेको विनयोजन विधेयक पारित गर्ने प्रस्ताव प्रदेशसभाका सभामुख सरोज यादवले निर्णयार्थ प्रस्तुत गरेका थिए ।

प्रमुख प्रतिपक्ष नेकपाका सांसद सुन्दर विश्वकर्माले असहमति जनाउँदै मत विभाजनको माग गरेपछि प्रदेशसभामा उपस्थित र अनलाइन माध्यमबाट सांसदहरु सहभागी भई पक्ष र विपक्षमा मतदान गरेका हुन् ।

बजेट पारित हुनु अघि प्रदेशसभा बैठकमा सत्तारुढ तथा प्रतिपक्षी सांसदले बजेट विनियोजन उपरको छलफलको क्रममा र मन्त्रालयका विभिन्न काम कारबाहीको सम्बन्धमा उठाएको प्रश्नहरुको मुख्यमन्त्री लालबाबु राउत लगायत मन्त्रीहरुले जवाफ दिएका थिए ।

मुख्यमन्त्री राउत र मन्त्रीहरूको राजीनामा माग

जनकपुरधाम । संघीय समाजबादी पार्टीको संसदीय दलको बैठकमा मुख्यमन्त्री लालबाबु राउतसहित सबै मन्त्रीहरुको राजीनामा माग उठेको छ । जनकपुरस्थित मुख्यमन्त्रीको सरकारी निवासमा बसेको पार्टी संसदीय दलको बैठकमा मुख्यमन्त्री र मन्त्रीहरुले सरकार चलाउन नसकेको र बजेटलाई आफ्नो केन्द्रित गरेको भन्दै सांसदहरुले राजीनामा मागेका हुन् ।

सर्लाहीका प्रदेश सांसद अशोककुमार यादवले मुख्यमन्त्री राउत र मन्त्रीहरुले काम गर्न नसकेको भन्दै राजीनामा मागे । 'मुख्यमन्त्री र मन्त्रीहरु आफ्नो जिल्ला र पालिकामा मात्रै केन्द्रित भए । फुटकर र सानातिना योजनामा आखाँ गाँडेका छन् । यसरी प्रदेश सरकार चल्न सक्दैन,' दलको बैठकमा सांसद यादवले भने, 'तपाईहरु सरकार चलाउन सक्नु भएन । राजीनामा गर्नुस् । अर्को टिमले सरकार चलाउँछ ।'

'प्रदेश सरकारले अहिलेसम्म तीनवटा आर्थिक वर्षको बजेट चलाइसक्यो । प्रदेशमा कहाँ र कुन ठाउँमा प्रभावकारी विकास भएको छ, देखाईदिनु पऱ्यो,' सांसद यादवले बैठकमा भने, 'मन्त्रीहरु आफ्नै स्वार्थमा लागेका छन् । बजेट जति आफ्नै पालिका र क्षेत्रमा खन्याएका छन् । जति भनेपनि सुधिनु भएन । अब राजीनामा गर्नुस् ।'

प्रदेश २ मा समाजवादी पार्टीबाट मुख्यमन्त्री राउत, आर्थिक मामिला तथा योजनामन्त्री विजय यादव, आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादव र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह सरकारमा छन् ।

सांसद यादवले संसदीय दलको बैठकमा सरकार र मन्त्रीहरुको काम-कारबाही प्रभावकारी नभएको भन्दै आलोचना गरिएको बताए । 'धेरै सांसदहरुले सरकारका मुख्यमन्त्री र मन्त्रीहरु आफ्नै लयतालमा रहेकाले प्रभावकारी काम हुन नसकेको भन्दै आलोचना गरे,' सांसद यादवले भने, 'काम गर्न सक्नुहुन्न भने बाटो खुल्ला गर्न भनिएको छ ।'

प्रदेश सरकारको नेतृत्व गरेको ३ वर्ष नबिल्दै सत्तासिन दलमा असन्तुष्टि चुलिएको छ । संसदीय दलको बैठकमा सांसद पारस साह, करिमा बेगम, सञ्चमाया मोक्तान लगायतले सरकारले प्रभावकारी काम गर्न नसकेको गुनासो गरेका थिए । उनीहरुले पनि मन्त्रीहरुको कार्यशैलीप्रति रोष प्रकट व्यक्त गरेका छन् ।

संघीय समाजवादी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भएपनि प्रदेश २ मा यी दुई दलकै संयुक्त सरकारले छुट्टाछुट्टै संसदीय दल अझै कायम छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

ओलीले विश्वभरका हिन्दुहरूको भावनामा चोट पुऱ्याए : करण सिंह

काठमाडौं । भारतका वरिष्ठ राजनीतिज्ञ करण सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीले रामका सम्बन्धमा दिएको अभिव्यक्तिले विश्वभरका हिन्दुहरुको भावनामा चोट पुगेको बताएका छन् । सिंहले विज्ञप्ति निकालेर प्रधानमन्त्री ओलीको राम पूर्वी नेपालमा जन्मिएको र भारतले कृत्रिम रुपमा अयोध्या निर्माण गरेको भन्ने भनाइको असामान्य कुरा गरेको टिप्पणी गरे । 'यो अपमानजनक अभिव्यक्तिले नेपाल र भारतका मात्र नभएर विश्वभरका हिन्दुहरुको भावनामा चोट पुगेको छ,' विज्ञप्तिमा छ । असंगत अभिव्यक्ति दिएर प्रधानमन्त्री ओलीले नेपाल र भारतबीचको दूरी बढाउने नियत राखेको सिंहले आरोप लगाएका छन् । साथै दुवै देशका विवेकशील नागरिकहरुले यस किसिमका कदमप्रति सम्बन्धमा सचेत रहनु पर्ने र दुवै देशबीच युगौं पुरानो मित्रवत् सम्बन्ध जोगाउन हरसम्भव प्रयास गर्नुपर्ने बताए । प्रधानमन्त्री ओलीले भानुजयन्तीको अवसरमा बालुवाटारमा आयोजित कार्यक्रममा सीता भारतका नभएर अयोध्याका रामलाई दिएको र त्यो अयोध्या वीरगन्ज पश्चिमको गाउँ भएको विवादास्पद अभिव्यक्ति दिएका थिए । ओलीको यही भनाइलाई लिएर नेपाल/भारतमा आलोचना भइरहेको छ । भारतको सत्तारुढ भारतीय जनता पार्टी (भाजपा), विपक्षी भारतीय राष्ट्रिय कांग्रेसदेखि भारतका सन्त-महन्तहरुले समेत चर्को विरोध गरेका छन् । भारतीय सन्तमहन्तहरुको छाता संगठन राष्ट्रिय अखाडा परिषदले ओलीले माफी माग्नु पर्ने बताएको छ ।

विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसंग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासार्यायक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे बिस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेबलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र बाली भित्र्याउने समयबीच जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुर्रक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य बिस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघसंस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक
शाखा: सिंहदरबार परिसर
खाताको नाम: कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
खाता नं. : १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

विश्व परिवेश

उइगरमाथिको दमन नरोकिएपछि चीनविरूद्ध अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दर्ता

काठमाडौं । चीनले सिन्जियाङ प्रान्तमा रहेका मुसलमान समुदायका अल्पसंख्यक उइगरहरुमाथि गरेको दमन र नरसंहारविरूद्ध अन्तर्राष्ट्रिय अपराध अदालतमा मुद्दा दर्ता भएको छ।

दी न्यूयोर्क टाइम्सका अनुसार लन्डनमा रहेर वकालत गरिरहेका दुई उइगर अभियानकर्मी समूहले चीनविरुद्ध अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दर्ता गरेका हुन्।

उनीहरुले दर्ता गरेको मुद्दामा अवैधरुपमा चीनले नियन्त्रणमा राखेका हजारौं उइगरहरुलाई रिहा गराउनुपर्ने माग राखिएको छ। चिनियाँ कम्युनिस्ट पार्टीविरुद्ध अन्तर्राष्ट्रिय अदालतमा मानवता रक्षाका लागि हालिएको पहिलो मुद्दा रहेकोसमेत जनाइएको छ।

मुद्दा दर्ता गराउनेमा इस्ट तुर्किस्तान गभर्नमेन्ट इन एक्जाइल (ईटीजीई) र द इस्ट तुर्किस्तान नेशनल अवेकनिङ मुभमेन्ट (ईटीएनएएम) रहेका छन्। चीनले लामो समयदेखि सिन्जियाङमा रहेका उइगरहरुलाई दमन गर्ने, आतंकवाद फैलाएको आरोपमा कारवाही गर्ने, महिलाहरुलाई बच्चा नजन्माउन दवाब दिने र अस्थायी गर्भनिरोधक सामग्रीको प्रयोगका लागि दबाब दिदै हजारौंलाई नियन्त्रणमा लिई आएको थियो।

वीवीसीले सन् २०१९ मा गरेको एक अध्ययनले चीनका उइगर बालबालिकालाई मुस्लिम बन्न नसकुन भनेर अभिभावक र परिवारबाट अलग गराउने अभियानसमेत चालेको खुलासा भएको थियो।

दुईभन्दा कम बच्चा भएका महिलाहरुलाई अस्थायी साधन तथा गर्भ निरोधक प्रयोग गर्न लगाउने र गर्भपतन गराउनेसम्मका गतिविधिहरु गरिरहेको जनाइएको छ। पछिल्लो समय सिन्जियाङको जन्मदर ८४ प्रतिशतले घटेको जनाइएको छ।

विभिन्न अन्तर्राष्ट्रिय अधिकारवादी समूहले पनि चीनमा उइगर अल्पसंख्यक मानिसहरु दमनमा परेको प्रतिवेदन सार्वजनिक गरेका छन्। चीनले उइगर मुसलमानको अस्तित्व मेटाउन उनीहरुलाई धर्म त्याग गर्न लगाएको तथा उनीहरुलाई नियन्त्रणमा लिएर राखेको आरोप लागिरहँदा अमेरिकाले उच्च चिनियाँ राजनीतिज्ञलाई प्रतिबन्ध लगाइसकेको छ भने 'उइगर ह्युमन राइट्स पोलिसी एक्ट २०२०' कानून संसदबाट पारित गरेको छ।

अमेरिकाले चीनका उच्च राजनीतिज्ञमाथि लगायो प्रतिबन्ध

काठमाडौं । अल्पसंख्यक युगुर मुसलमान समुदायमाथि मानवअधिकार उल्लंघनमा संलग्न भएको अभियोगमा अमेरिकाले थप चिनियाँ राजनीतिज्ञमाथि प्रतिबन्धको घोषणा गरेको छ। चिनियाँ कम्युनिष्ट पार्टीका क्षेत्रीय प्रमुख चेन क्वानगुओ र अरु तीन अधिकारीमाथि अमेरिकाले पछिल्लो पटक प्रतिबन्ध लगाएको हो।

चिनियाँ कम्युनिष्ट पार्टीका पोलिट्ब्युरो सदस्य समेत रहेका चेन अमेरिकाको प्रतिबन्ध खेप्ने चीनका अहिलेसम्मका उच्च अधिकारी हुन्। युगुर मुसलमानमाथि भइरहेको ज्यादतीको योजनाकार चेन रहेको अमेरिकाले दावी गरेको छ।

यसअघि चीनले युगुर मुसलमान समुदायको जनसंख्या सीमित गर्नका लागि चीनले शिन्जियाङका महिलाहरुलाई बन्ध्याकरण गर्न वा गर्भनिरोधक साधन लगाउन बाध्य पारिएको एक अध्ययन प्रतिवेदन सार्वजनिक भएको थियो।

युगुर मुस्लिमलाई डिटेन्सन सेन्टरमा राखेको भन्दै अन्तर्राष्ट्रिय समुदाले यसअघिदेखि नै चीनको आलोचना गर्दै आएका छन्।

युगुरसहितका आदिवासीमाथिको ज्यादतीलाई लिएर संयुक्त राष्ट्रसंघले समेत चासो र चिन्ता व्यक्त गर्दै आएको छ। तर चीनले भने आफूले कुनै किसिमको ज्यादती नगरेको दावी गर्ने गरेको छ।

बन्दे भारत मिसनअन्तर्गत सवा लाख बढी भारतीय स्वदेश फर्किए

नयाँ दिल्ली । विश्वव्यापी कोरोना महामारीका कारण विभिन्न मुलुकमा अलपत्र परेका भारतीयहरु स्वेद फर्किएका छन्। भारतीय नागरिक उडड्यन मन्त्री हरदीप सिंहका अनुसार बन्दे भारत मिसन अन्तर्गत एक लाख २५ हजारभन्दा बढी भारतीयलाई विभिन्न मुलुकबाट उद्धार गरेर स्वदेश फर्काइएको जानकारी दिएका छन्। "बन्दे भारत मिसन विदेशमा अलपत्र परेका भारतीयहरुका लागि आशा र खुसीको अभियान बनेको छ। बन्दे भारत मिसनको उद्धार उडानमार्फत एक लाख २५ हजारभन्दा बढी भारतीयहरु स्वदेश फर्किएका छन्। त्यसैगरी भातरबाट करिब ४३ हजार विदेशीहरु फर्किएका छन्," मन्त्री पुरीले भने। भारतले सरकारले ६ मेमा बन्दे भारत मिसन सुरु गरेको थियो। जसको उद्देश्य विदेशमा अलपत्र परेका आफ्ना नागरिकलाई उद्धार गरेर स्वदेश फर्काउने रहेको थियो। २३ मार्चदेखि भारतमा अन्तर्राष्ट्रिय उडानमा प्रतिबन्ध लगाएको थियो। मिसनको चौथो चरणअन्तर्गत जुलाई ४ देखि १५ सम्म तोकिएको छ। जसअन्तर्गत १७० उडान हुने बताइएको छ। ती उडानहरु क्यानडा, अमेरिका, बेलायत, केन्या, श्रीलंका, फिलिपिन्स, क्रिगिस्तान र साउदी अरब, बंगलादेश, थाइल्यान्ड, रुस, दक्षिण अफ्रिका, म्यानमार, जापान, युक्रेन र भियतनाममा हुने एयर इन्डियाले जनाएको छ।

भारत-चीन जारी विवादमा अमेरिका भारतको पक्षमा

नयाँदिल्ली । अमेरिकी विदेशमन्त्री माइक पोम्पीओले भारत-चीनबीच जारी तनावको विषयमा भारतको पक्ष लिएका छन्। पोम्पिओले विवादमा भारतको दृष्टिकोणको प्रशंसा गरेका छन् र चीनको मनोवृत्ति आक्रामक रहेको बताएका छन्। इन्डियन एक्सप्रेसका अनुसार पोम्पिओले विवादको विषयमा भारतका विदेशमन्त्री एस जयशंकरसँग कयौपटक कुराकानी गरिसकेका छन्। वासिङ्टनमा पत्रकारसँग कुरागर्दै पोम्पिओले भने,'मैले भारतका विदेशमन्त्री एस जयशंकरसँग यस विषयमा कुराकानी गरेको छु। चीनले ज्यादै आक्रामक कारवाही गरेको छ, भारतले आफ्नो तर्फबाट सब्दो प्रतिकार गरेको हो।' इन्डियन एक्सप्रेसमा गत जुन १५ को भारत-चीन झडपयता पोम्पिओ र जय शंकरबीच तीनपटक फोनवार्ता भएको बताइएको छ।

पाकिस्तानी एयरलाइन्समाथि अमेरिकाले प्रतिबन्ध लगायो

काठमाडौं । अमेरिकाले पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पीआईए) को चार्टर विमानमाथि प्रतिबन्ध लगाएको छ। अमेरिकी परिवहन मन्त्रालयले पाकिस्तानी पाइलटहरुको प्रमाणपत्रका विषयमा फेडरल एभिएसन एडमिनिस्ट्रेसन (एफएए) ले आशंका गरेपछि प्रतिवन्ध लगाएको हो। समाचार एजेन्सी रोयटर्सका अनुसार पाकिस्तानमा गएको महिना भएको जाँचका क्रममा एकतिहाइ पाइलटहरुले आफ्नो योग्यतासम्बन्धी गलत जानकारीसहितका कागजात पेस गरेका थिए।

युरोपियन युनियन एभिएसन सेफ्टी एजेन्सीले पनि पाकिस्तान इन्टरनेसनल एयरलाइन्सको सञ्चालनमा ६ महिना रोक लगाएको छ। यद्यपि, यस विषयमा पाकिस्तान इन्टरनेसल एयरलाइन्सका तर्फबाट कुनै प्रतिक्रिया आएको छैन।

चीन-भारत भीडन्तपछि भारतको पक्षमा अमेरिका

वासिंटन । अमेरिकी विदेशमन्त्री माइक पम्पियोले चीन र भारतबीच उत्पन्न तनावबारे भारतको पक्षमा खुलेर बोलेका छन्। अन्तर्राष्ट्रिय मिडियाका अनुसार पम्पियोले दुई देशबीचको तनावबारे भारतीय विदेशमन्त्रीसँग धेरै पटक छलफल गरिसकेको बताएका छन्। पम्पियोले भारतीय विदेशमन्त्री जयशंकरसँग तीन पटकसम्म फोनमा कुरा गरेको बताइएको छ। जयशंकरसँग पम्पियोको गत मार्चदेखि कम्तिमा तीन पटक टेलिफोन वार्ता भएको बताइएको छ। जुन वार्ता गलवान भीडन्तपछि पहिलो पटक अमेरिका र भारतका मन्त्रीहरुबीच वार्ता भएको हो। जुन महिनामा भएको वार्तावारे भने रणनीतिक कारणले गर्दा सार्वजनिक नगरिएको बताइन्छ। यसअघि पम्पियोले भारतले टिकटकसहित चिनियाँ एप्समाथि प्रतिबन्ध लगाएको निर्णयको स्वागत गर्दै प्रशंसा गरेका थिए। पछिल्लो समय चीन र भारतबीच सीमा विवाद उत्कर्षमा पुगेको छ। लद्दाखस्थित सीमा क्षेत्रमा भीडन्त हुँदा २० भारतीय सैनिक मारिएका थिए। अमेरिकाले भने चीन र भारतको सीमा विवादमा मध्यस्तता गर्ने प्रतिक्रिया दिएको थियो। सायै दुई देशवीच थप तनाव सिर्जना हुँदा अमेरिकी उच्च अधिकारीले खुलेर भारतको पक्षमा आफ्नो मत राख्न थालेका छन्।

पाकिस्तानी पत्रकारलाई धरौटीमा रिहा गर्न अस्वीकार

काठमाडौं। पाकिस्तानको लाहोर उच्च अदालतले पाकिस्तानको सबैभन्दा ठूलो संचार संस्था जिओ मिडिया ग्रुपका प्रधानसम्पादक मिर साकि उर रहमानलाई धरौटीमा रिहा गर्न अस्वीकार गरेको छ। इमरान खान नेतृत्वको सरकारले मिडियालाई दवाउने रणनीति अनुरुप रहमानलाई धरौटीमा रिहा गर्न समेत अदालतले समेत अस्वीकार गरेको जनाइएको छ। पाकिस्तानको सबैभन्दा ठूलो मिडिया ग्रुप जंग तथा जीओका प्रधानसम्पादक रहमानलाई गत वर्ष फहरीले नियन्त्रणमा लिएको थियो। पाकिस्तानको भ्रष्टाचारिरुद्ध अनुसन्धान गर्ने निकाय एनएबीले रहमानलाई ३४ वर्षअघिको एक सम्पती खरीद गरेको कुरालाई गैरकानुनी ठहर गर्दै नियन्त्रणमा लिएको हो। पाकिस्तानका राजनीतिक व्यक्तित्वहरुको बारेमा अनुसन्धानमूलक पत्रकारिताको लागि जंग र जिओ मिडिया ग्रुप चर्चित रहि आएको छ। रहमान सो मिडिया ग्रुपको ३४ वर्षदेखि प्रधानसम्पादक रहि आएका छन्। रहमानको पक्राउको पाकिस्तानको पत्रकारिता जगत र अन्तर्राष्ट्रिय पत्रकार महासंघ आईएफजेले विज्ञप्ती निकाली विरोध जनाएको थियो। अहिले पनि अदालतको आदेशविरुद्ध प्रदर्शनहरु भइरहेका छन्। एनएबीलाई देशको कानुन तथा आफ्नै नियम विरुद्ध गएर पक्राउ नगर्न इस्लामाबाद उच्च अदालतले दिएको आदेश विरुद्ध गएर पक्राउ गरेकोमा पीएफयूजेले विरोध गरेको छ।

भारतमा कोरोनाको उपचारका लागि चर्म रोगको औषधि प्रयोग गर्न अनुमति

नयाँदिल्ली। भारतमा कोरोना भाइरस 'कोभिड १९' को उपचारका लागि चर्म रोगको औषधि प्रयोग गर्न अनुमति प्रदान गरिएको छ। भारतमा पहिलोपटक औपचारिक रुपमा छाला सम्बन्धी रोग सोराइसिसमा प्रयोग हुने औषधि 'आटोलोजुमाव' उपचारको लागि अनुमति दिइएको हो। समाचार संस्था पीटीआईका अनुसार भारतीय ड्रग कन्ट्रोलर संस्था सीडीएससीओले आटोलोजुमाव औषधि कोरोना लागेका मानिसमा प्रयोग गर्न अनुमति दिएको छ। तर आपतकालीन अवस्थामा मात्र यो औषधि प्रयोग गर्न भनिएको छ साथै औषधि प्रयोग गर्दा प्रत्येक विरामीको लिखित स्वीकृति हुनुपर्ने बताइएको छ।

बाढी पहिरोको जोखिम दिनानुदिन बढ्दै गइरहेको हुँदा विकासको नाममा विनाश निम्त्याउने गरी डोजरको प्रयोग नगरौं । सकेसम्म मानवीय स्रोत साधन प्रयोग गरी रोजगारीसमेत सिर्जना गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जिल्ला समाचार

रौतहटको भन्सार र प्रहरी कार्यालय डुबानमा

रौतहट । अविरल वर्षासँगै विभिन्न नदीमा आएको बाढीले रौतहटको जिल्ला भन्सार र जिल्ला प्रहरी कार्यालयसहित ३ सय भन्द बढी घर डुबानमा परेको छ। गौर-चन्द्रपुर सडक खण्डको सबगढानजिक लचकामा पानी जमेर यातायात अवरुद्ध बनेको छ। लालबकैया नदीको बाढीले इशनाथ नगरपालिका बडा १ र राजपुर नगरपालिका ८ मा ३ सय भन्दा बढी घर डुबानमा परेको हो। इशनाथको बनजरहा गाउंको चारैतर्फ पनि जमेर ३ सय घर डुबानमा परेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी भरत श्रेष्ठले जानकारी दिए। त्यसैगरी राजपुरको बालुवा टोलमा झन्डै २५ घर डुबानमा परेको छ। डुबानमा परेका बनजरहाका वासिन्दालाई गाउंको स्कुल लगायत सुरक्षित स्थानमा र बालुबाकालाई आफन्तको घरमा राखिएको प्रवक्ता श्रेष्ठले बताए। गौरस्थित जिल्ला भन्सार कार्यालय अगाडि तीन/चारफिट सम्म र गौर मेनरोड तथा जिल्ला प्रहरी कार्यालयमा दुईफिट पानी जमेको प्रहरीले जनाएको छ। अविरल बर्षाले जिल्लाको दुईबटै ठुलानदी बागमती र लालबकैयामा पानी बढ्नेक्रम जारी छ। लालबकैया बागमतीको बाढीले कटहरिया, परोहा, पिपरा रजवाडा लगायत केही स्थानमा तटबन्धमा क्षति पुऱ्याएको छ।

शुद्धोधनको सामाजिक परीक्षण

बुटवल । जनचासो, गुनासा सम्बोधन गर्दै प्रभावकारी योजना निर्माणका लागि शुद्धोधन गाउंपालिका रुपन्देहीले सामाजिक परीक्षण कार्यक्रम गरेको छ। द्रुत चालु आर्थिक वर्ष २०७६/७७ को अन्त्य नहुँदै र आगामी आर्थिक वर्ष २०७७/७८ को सुरुवात नहुँदै विकासको लागि गाउंपालिकाले सामाजिक परीक्षणको कार्यक्रम गाउंपालिकाका अध्यक्ष किशुनचन्द चौधरीले बताए। चौधरीले जिल्लाका अन्य स्थानिय तहहरुले चालु आर्थिक वर्ष अन्य भएपछि समिक्षात्मक कार्यक्रम गर्ने भएतापनि गाउंपालिकाले आर्थिक वर्षको अन्त्य नहुँदै फरक शैलीमा सामाजिक परीक्षण सम्बन्धी कार्यक्रम गरेको बताए। उनले आर्थिक वर्षको अन्त्य नहुँदै गरिएको सामाजिक परीक्षणको कार्यक्रमले चालु आर्थिक वर्षमा भएका बुटौहरुलाई आगामी आर्थिक वर्षमा सुधार गरी प्रभावकारी ढंगले सञ्चालन गर्न सहज हुने बताए। जनताका आवश्यकता र समस्यहरुलाई सुस्म रुपमा अध्यन गरेर प्रभावकारी रुपमा योजना कार्यान्वयनमा ल्याउन समाजिक परीक्षणले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै उपाध्यक्ष शान्ता देवी ज्ञवालीले जनाको मनोकांक्षलाई समेट्नु नै स्थानिय सरकारको कर्तव्य भएको बताईन। ज्ञवालीले जब सम्म जनतामा माग्रहर सम्बोधन हुन सक्दैन तब सम्म स्थानिय सरकार भएको जनतालाई अनुभूति नमिल्ने औल्याउँदै स्थानिय सरकार जनताको र जनता स्थानिय सरकारको भएको बताईन।

विभिन्न हातहतियारसहित बोहोरा पक्राउ

मोरङ । उर्लावारी नगरपालिका-३ मंगलवारे बस्ने कालिकोट घर भएका जोखिम नन्दकिशोर भन्ने ४० वर्षिय नन्द बहादुर बोहोरालाई विभिन्न हातहतियार सहित फहरीले पक्राउ गरेको छ। फहरीले मंगलवार दिउंसो उनको साथबाट कटुवा पेस्तोल १ थान, ग्रीनटर्पीको गोली राउण्ड ३ थान, सकेट बम १ थान, ईलेक्ट्रिक डेटोनेटर केवल सहित १ थान, नेपाल टेलिकमको सिम ७ थान, एनसेलको सिमरुथान,मोबाईल १ थान,पेंहलो रंङको खाली पर्स१ थान, मोबाइलकोचार्जर ४ थान, मल्टी कर्नेक्टिड डाटा केवल १थान, ब्याट्री ४थान, पूर्व लड़ाकु संघ नेपाल लेखिएकोस्टाम प्याड १ थान र पेनड्राईभ १ थान बरामद गरेको छ। प्रदेश फहरी कार्यालय र जिल्ला फहरी कार्यालय मोरङबाट खटिएको फहरीले बोहरालाई घरमा लुकीछिपी बसिरहेको अवस्थामा उक्त हातहतियार तथा विभिन्न सामग्रीहरु सहित फेला पारी पक्राउ गरेको हो। निज बोहोरा २०७६माघ५ गते मिक्लाजुङ्ग गाउंपालिका-१ साकेलाथानस्थित सडकखण्डमा निर्माण कार्यमा प्रयोग भएका ३ वटा स्काभेटरमा बम विस्फोटन गराई आगो लगाई क्षति पुर्याएको,२०७६माघ १० गते केराबारी गाउंपालिका१० स्थित केराबारी गाउपालिकाको कार्यालयमा र २०७६ माघ२ गते केराबारी गाउंपालिका२ स्थित एनसेलको टावरमा बम विस्फोटन गराएको लगायतका घटना साथै क्षाप्रा तथा सुनसरीका विभिन्न स्थानहरुमा समेत विस्फोटन भएको घटनामा संलग्न रहनुका साथै भोजपुर तथा संखुवासभामा हातहतियार सम्बन्धी विभिन्न घटनामा समेत संलग्न रही फरार रहेको अनुसन्धानबाट खुल्न आएको जिल्ला फहरी कार्यालय मोरङले जनाएको छ।

टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-१ नन्दनी मिलस्थित सडकमा भे१ ख ३००३ नम्बरको टिपरको ठक्करबाट साइकलयात्री सोही उपमहानगरपालिका-११ भट्टी टोल बस्ने ६० वर्षिय बुद्ध सागर लखेरको आइतवार राति मृत्यु भएको छ। टिपरको ठक्करबाट गम्भीर घाइते भएका उनको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। टिपर र चालकलाई फहरीले नियन्त्रणमा लिएको छ।

सवारी दुर्घटनामा दुईको मृत्यु

रुपन्देही । कञ्चन गाउंपालिका-५ पिपरिचापास्थित सडकमा बा.१५ च ९३८९ नम्बरको बलेरो जिप अनियन्त्रित भई सालको रुखमा ठोक्किएर शनिवार साँझ दुर्घटना हुँदा गम्भीर घाइते भएका चालकतिलोतमा नगरपालिका११ शिवपुर बस्ने ३८ वर्षीय सुरज खड्काको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका अन्य ४ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। यसैगरी, सद्धार्थनगर नगरपालिका १२ भिमकालीपथस्थित सडकमा प्रदेश २-०३-००७ प ८७९४ नम्बरको स्कुटरशनिवार राति अनियन्त्रित भई पल्टन जांदा चालक सोही नगरपालिका-२ बस्ने४६ वर्षिय दिपक कुमार यादवको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो।

अन्धविश्वास र कुरीतिमा लाग्दा जीवनमा आइपर्ने दुष्परिणामबारे जनसाधारणलाई सचेत र शिक्षित बनाउन असल नागरिकहरु अग्रसर भई मार्ग निर्देशन गर्नुपर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

लद्दाखबाट पछि हट्दै चिनियाँ सेना

काठमाडौं । ठूलो हताहती हुने गरी ४५ वर्षपछि चीन-भारतबीच भएको लद्दाख भिडन्तको करिब एक महिनापछि उक्त क्षेत्रबाट चिनियाँ जनमुक्ति सेना पछि हट्न थालेको छ । जुलाई ६ मा भारतीय सुरक्षा सल्लाहकार अजित डोभलसहितका भारतीय विशेष प्रतिनिधि र चिनियाँ विदेशमन्त्री वाङ यीबीचको वार्ताले सकारात्मक परिणाम ल्याएपछि विवादित क्षेत्रको तनाव कम हुँदै गएको हो ।

उक्त वार्तापछि ३ हजार ४८८ किलोमिटरको एलओसीमा दुवै पक्षबीचको तनाव कम भएको छ । आक्रोशमा रहेको चीनको पिपुल्स लिबेशन आर्मीले पाङगोङ साओको फिङ्गर फोरमा आफ्नो उपस्थितिलाई कम गरेको छ । यस्तै गलवान क्षेत्रबाट पनि चिनियाँ सेना पछि हट्ने क्रममा छ । गोर्गा र हट स्प्रिङ क्षेत्रमा पनि अप्रिलमा अघि बढेको चिनियाँ सेना पछि हट्ने तयारीमा रहेको छ ।

झण्डै एक महिना यता लद्दाखदेखि अरुणाञ्चलसम्म चीन - भारतका करिब २० हजार सेना आमनेसामने भएकोमा अहिले स्थिति सामान्य बन्दै गएको छ । राष्ट्रिय सुरक्षा योजनाकारहरुका लागि यो सन्तुष्टिको विषय भएपनि जुन १५ को हिंसात्मक झडपपछि दुई मुलुकबीचको विश्वासमा भने संकटको स्थिति सिर्जना भएको छ । बेइजिडले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई विश्वास दिलाउने प्रयास गरिरहेको छ । शक्ति प्रदर्शनका क्रममा सन् २०१७ को दोक्लामपछि सन् २०२० मा भएको रणनीतिक गल्ती भएको भन्दै भारतलाई बेइजिडले मनाउने प्रयासमा रहेको बुझिएको छ ।

चीनको रणनीतिक स्वार्थ बुझेर मोदीले उसको विस्तारवादको नीतिलाई हतार नगरी सालिनतापूर्वक प्रतिरोध गरेको भनेर विश्लेषण गरिएको छ ।

प्रधानमन्त्री मोदी लद्दाखको लेह पुरोर चीनको नाम नलिइ चीनलाई लक्षित गर्दै विस्तारवादलाई जसरी पनि प्रतिवाद गर्ने बताएका थिए । यसपछि चिनियाँ राष्ट्रपति सी जिनपिङले सन् २०२० मा भारतमाथि गरेको शक्ति प्रदर्शनले आफैं पछि हटेको टिप्पणी हुन थालेका छन् ।

चिनियाँ विस्तारवादलाई भारतीय प्रधानमन्त्री मोदीको पूर्णविराम

काठमाडौं । जुलाई ६ मा भारतीय सुरक्षा सल्लाहकार अजित डोभलसहितका भारतीय विशेष प्रतिनिधि र चिनियाँ विदेशमन्त्री वाङ यीबीचको वार्ताले सकारात्मक परिणामहरु ल्याएको छ । ३ हजार ४८८ किलोमिटरको एलओसीमा उक्त वार्तापछि दुवै पक्षबीचको तनाव कम भएको छ ।

आक्रोशमा रहेको चीनको पिपुल्स लिबेशन आर्मीले पाङगोङ साओको फिङ्गर फोरमा आफ्नो उपस्थितिलाई कम गरेको छ । त्यसैगरी गलवान क्षेत्रबाट पनि चिनियाँ सेना पछि हट्ने क्रममा छ । गोर्गा र हट स्प्रिङ क्षेत्रमा पनि अप्रिलमा अघि बढेको चिनियाँ सेना पछि हट्ने तयारीमा रहेको छ । बिगत तीन सातादेखि दुवै मुलुकबीच लद्दाखदेखि अरुणाञ्चलसम्म करिब २० हजार सेना आमनेसामने भएकोमा अहिले स्थिति सामानय बन्दै गएको छ । राष्ट्रिय सुरक्षा योजनाकारहरुका लागि यो सन्तुष्टिको विषय हो । तर, जून १५ को हिंसात्मक झडपपछि द्विपक्षीय विश्वासमा भने संकटको स्थिति सिर्जना भएको छ ।

बेइजिडले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई विश्वास दिलाउने प्रयास गरिरहेको छ । सुपर पावर मुलुकबाट शक्ति प्रदर्शनका क्रममा सन् २०१७ को दोक्लामपछि सन् २०२० मा भएको रणनीतिक गल्ती भएको भन्दै भारतलाई मनाउने प्रयासमा रहेको छ । तर प्रधानमन्त्री नरेन्द्र मोदीले भने बुहान र चेन्नेइ वार्तामाजस्तो हतार नगरी यस विषयमा सयौंपटको सोच्नेछन् । चीनको विस्तारवादको नीतिलाई भारतले प्रतिरोध गरिंदिएको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङले सन् २०२० मा भारतमाथि गरेको शक्ति प्रदर्शनले आफैं पछि हट्नु परेको र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चर्चा सबत्र भएकोबाट पनि बुझ्नुपर्छ कि आर्थिक, सामरिक र प्रार्विधिक विषयमा मात्र महान होइनन् । ती कुराहरुको सही सदुपयोग गर्न आवश्यक छ । प्रधानमन्त्री मोदी लद्दाखको लेह पुगेरै पनि चिनियाँ विस्तारवादलाई जसरी पनि प्रतिवाद गर्ने बताएका थिए । तर, उनले चीनको नाम भने लिएका थिएनन् ।

पाकिस्तानी दूतावास अगाडि प्रदर्शन

काठमाडौं । राष्ट्रिय एकता अभियानले पाकिस्तानको इस्लामाबादमा निर्माणाधीन पहिलो ऐतिहासिक हिन्दु मन्दिर निर्माण कार्य गर्न रोक लगाएको प्रति भत्सर्ना गर्दै काठमाडौंस्थित पाकिस्तानी दूतावास अगाडि प्रदर्शन गरेको छ । अभियानले दूतावास अगाडि एक विरोध ज्याली निकाल्दै पाकिस्तानका प्रधानमन्त्री इमरान खानद्वारा गरिएको हस्तक्षेपको भत्सर्ना गरेको हो । इस्लामाबादमा हिन्दु मन्दिर बनाउन दिनुपर्छ भनेर दर्ता गरिएको रिट निवेदन पाकिस्तानको अदालतले खारेज गरेपछि अभियानले आपत्ति जनाएको हो । अभियानका संयोजक विनय कुमारको नेतृत्वमा निकाएको विरोध ज्यालीमा पचास जनाभन्दा बढीको सहभागिता रहेको थियो । ज्यालीमा सहभागीहरूले हिन्दुमाथिको दमन बन्द गर, इस्लामाबादमा मन्दिर र गुम्बा बन्नै पर्छ, इमरान खान होस गर जस्ता नारा लगाएका थिए ।

प्रहरी प्रतिष्ठान भारतले नै निर्माण गरिदिने

काठमाडौं । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (एकेडेमी) को ईपीसी (इन्जिनियरिङ, प्रोक्युरमेन्ट र कन्स्ट्रक्सन) मोडलमा बनाउन भारतलाई जिम्मा दिइएको छ । दुई देशबीच सन् २०१४ नोभेम्बर २५ मा भारतले अनुदान उपलब्ध गराउने र भारतसंग परामर्श लिएर नेपालले आयोजना अघि बढाउने समझदारी भएको थियो । तर गएको नोभेम्बरमा पुरानो समझदारी संशोधन गरेर कार्यप्रगतिका आधारमा रकम भुक्तानी गर्ने र टेन्डर सूचना मात्रै नेपालले गर्ने गरी आयोजनाको जिम्मा भारतलाई दिइएको हो । अब भारतले नै निर्माण सम्पन्न गरेर आयोजना नेपाललाई हस्तान्तरण गर्नेछ । पूर्वगृहसचिव गोविन्द कुसुमले तालिम केन्द्रको संरचना निर्माणको जिम्मा विदेशीलाई दिँदैमा शंकाको दृष्टिले हेर्न नहुने बताए । टेन्डरको मस्यौदा भारतको सेन्ट्रल पब्लिक वर्कस डिपार्टमेन्ट (सीपीडब्लूडी) ले बनाएको हो । एकेडेमी निर्माणको डीपीआर पनि सीपीडब्लूडीले नै बनाएको थियो । डीपीआर भारतले ७ महिनाअघि नै नेपाललाई बुझाइसकेको छ । डीपीआरअनुसार एकेडेमी ५ हजार ४ सय ९४ दशमलव ६१ मिलियन भारतीय रुपैयाँ (८ अर्ब ७९ करोड १३ लाख ७६ हजार नेपाली रुपैयाँ) मा सम्पन्न हुनेछ । निर्माण सुरु भएपछिको ३ वर्षभित्र आयोजना सम्पन्न गर्ने उल्लेख छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सार्क शिखर सम्मेलनका क्रममा काठमाडौं आएका बेला २०१४ नोभेम्बर २५ मा आयोजना निर्माणबारे समझदारी पत्रमा हस्ताक्षर भएको थियो । तत्कालीन प्रधानमन्त्री सुशील कोइराला र समकक्षी मोदीको उपस्थितिमा अर्थ सचिव सुमनप्रसाद शर्मा र भारतीय गृह (सीमा सुरक्षा हेर्ने) सचिव स्नेहलता कुमारले समझदारीपत्रमा हस्ताक्षर गरेका थिए । एकेडेमी निर्माण गर्न नेपाल सरकारले २५.४५ हेक्टर जमिन उपलब्ध गराउने समझदारी छ । तर प्रतिष्ठानकै लागि भनेर ४२.४ हेक्टर जमिन अधिग्रहण भइसकेको छ । काभ्रेको पनौती नगरपालिका-६ सुनथानरदलिञ्चोकमा एकेडेमी निर्माणकै लागि २०५२ सालदेखि जग्गा अधिग्रहण तथा खरिद थालिएको थियो ।

यान्छीले भेटिन् २ मन्त्री

काठमाडौं । चिनियाँ राजदूत होउ यान्छीले उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेल उर्जा जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनसंग भेट वार्ता गरेकी छन् । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी नेकपा आन्तरिक विवादमा रुमलिंदा भेटघाटलाई तीव्रता दिएकी यान्छीले दुई मन्त्रीलाई भेटेकी हुन् । चिनियाँ राजदूत यान्छी र ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनबीच सिंहदरबारस्थित उर्जामन्त्रालयमा भेटवार्ता भएको थियो । भेटमा पछिल्लो राजनीतिक अवस्था र आपसीहीतका विषयमा कुराकानी भएको थियो । मन्त्री पुनसंगको भेटमा राजदूत यान्छीले सिन्धुपाल्चोकमा निर्माणाधीन मध्य भोटेकोशी जलविद्युत आयोजनामा भएको क्षतिबारे समेत छलफल गरेकी थिइन । मन्त्री पुनको सचिवालयले कोरोनाको संक्रमण, लकडाउन लगायतका कारण चीनमा रहेका प्रार्विधिक तथा कामदार नेपाल आउन नसकेको र त्यसले निर्माणाधीन परियोजनामा असर पारेको जानकारी उनले गराएको जनाएको छ । मन्त्री पुनले नेपाल र चीनबीचको सम्बन्ध सुदृढ गर्नुपर्नेमा भेटमा जोड दिनुका साथै नेपालको ऊर्जा, जलस्रोत तथा पर्यटनको क्षेत्रमा चिनियां लगानी बढाउने वातावरण बनाउन उनले राजदूत यान्छीसमक्ष आग्रह गरेका थिए । यसअघि चिनियां राजदूतले रक्षामन्त्री ईश्वर पोखरेलसंग समसामयीक विषय र दुई देशबीचको सम्बन्धबारे छलफल गरेकी थिईन । दुवै मन्त्रीसंगको भेटमा उनले नेकपाभित्रको जारी विवादको बारेमा चांसो राखेकी थिईन । मन्त्री पुन नेकपाका अध्यक्ष प्रचण्डसंग निकट छन् भने पोखरेल प्रधानमन्त्री केपी शर्मा ओली निकट नेता हुन् ।

कोरोनाविरुद्धको खोप मुसा र खरायोमा सफल

काठमाडौं । भारतले कोरोना भाइरसविरुद्धको खोप मानिसमा परीक्षण गर्ने तयारी गरेको छ । इन्डियन काउन्सिल अफ मेडिकल रिसर्चका डायरेक्टर जनरल बलराम भार्गवले दुई वटा खोप मानिसमा परीक्षणको तयारी भएको बताएका छन् । मुसा र खरायोमा सफल परीक्षण भइसकेको कोरोनाविरूद्धको खोप मानिसमा परीक्षणका लागि ड्रग्स कन्ट्रोलर जेनेरलले स्वीकृति दिइसकेको भार्गवले जनाएका छन् । खोप बनाउनमा भारत बायोटेक्निकल इन्टरनेश्नल लिमिटेड र जायडस कैडिलाले सहकार्य गरेका छन् । दुवै कम्पनीले आफ्नो खोप मानिसमा परीक्षण गर्नका लागि तयार भएको बताएका छन् । कोभ्याक्सिन नामकरण गरिएको खोप २ हजार जनामा परीक्षण गरिंदैछ ।

आर्थिक समाचार

नेपाल लाइफबाट झाले लिए बिदा

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीमा करिब एक दशकको सेवा अवधि सम्पन्न गरी प्रमुख कार्यकारी अधिकृत (सिइओ) विवेक झा साउन १ गतेबाट बिदा लिएका छन् । उनले संचालक समितिसंग भएको सम्झौता बमोजिमको प्रथम कार्यकाल सफलतापूर्वक पुरा गरी साउन १ गतेबाट नेपाल लाइफबाट बिदा लिएका हुन् । नेपाल लाइफको २० वर्षे यात्रामा करिब एक दशक नेतृत्व गरेका झाको कार्यकाल सबै सुचकाइकमा उत्कृष्ट बन्दै जीवन बीमाको क्षेत्रमा करिब एक तिहाइ बजार हिस्सा कायम राख्न सफल भयो । सदैव आफ्ना सहकर्मी कर्मचारीहरुलाई आफ्नो मूल शक्ति मान्ने र अभिकर्ताहरुलाई प्रगतिको साझेदारको रुपमा सम्मान गर्ने झाले अभिकर्ताहरुको लगनशीलता, बीमितहरुको विश्वास, कर्मचारीहरुको साथ, शेयर धनीहरुको अटूट विश्वास, संचालक समितिको मार्गनिर्देशन र नियमनकारी निकाय बीमा समितिको सहयोगले नै कम्पनीले यो उचाइ कायम गर्न सकेकाले अभिकर्ता, बीमित, कर्मचारी, शेयर धनी, संचालक समिति तथा बीमा समितिलाई धन्यवाद व्यक्त गर्दै आभार प्रकट गरेका छन् । हालसम्म करिब २६ प्रतिशत नागरिकको पहुंच रहेको बीमा क्षेत्रले देशैभरीका कुना-कन्दरासम्म बीमाको सहज पहुँच पुऱ्याउन नेपाल लाइफले अझै विश्वासिलो ढंगले उत्कृष्ट सेवा निरन्तर पस्किदै जाने विश्वास व्यक्त गरे । जसका लागि आवश्यकता अनुसार आफ्नो तर्फबाट सदैव योगदान गर्न तत्पर रहेको सिइओ झाले बताए । सिइओ झाले आगामी दिनमा कम्पनीले नयाँ उचाइ लिने विश्वासका साथ सफलताको शुभकामना व्यक्त गरेका छन् । साथै, संचालक समिति अध्यक्ष गोविन्दलाल संघईले सिइओ झाको सफल कार्यकालको उच्च मूल्याङ्कन गर्दै धन्यवादका साथै कृतज्ञता व्यक्त गरे ।

कार्यवाहक सिइओमा सन्तोष प्रसाई

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीमा साउन १ गतेबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सन्तोष प्रसाईलाई दिइएको छ । प्रमुख कार्यकारी अधिकृत विवेक झाको कार्यकाल समाप्ती भएसँगै उप-प्रमुख कार्यकारी अधिकृत प्रसाईले कार्यवाहक सिइओको जिम्मेवारी पाएका छन् । असार ३१ गते बसेको संचालक समितिको बैठकले उनलाई कार्यवाहक सिइओको जिम्मेवारी दिएको हो । प्रसाई बिगत ३ वर्षदेखि नेपाल लाइफ इन्स्योरेन्समा आबद्ध छन् । यसअघि उनले बीमा क्षेत्रको नियमनकारी निकाय बीमा समितिमा सात वर्षको लामो अनुभव सम्हालेका थिए ।

कर्णालीलाई ग्लोबल आइएमईको सहयोग

काठमाडौं । ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि कर्णाली प्रदेश सरकारलाई १० लाख रुपैया सहयोग गरेको छ । बैंकको कर्णाली प्रदेशको प्रादेशिक कार्यालय प्रमुख मदन कुमार मुल्मीले कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीलाई उक्त रकमको चेक हस्तान्तरण गरेका छन् । मुख्यमन्त्री शाहीले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको अभियानमा बैंकले गरेको यस सहयोग महत्वपूर्ण भएको उल्लेख गर्दै बैंकलाई धन्यवाद दिएका छन् । कोरोना भाइरसले नेपाल लगायत सम्पूर्ण विश्वलाई नै त्रसित बनाइरहेको अवस्थामा, यस योगदानबाट यो भाईरस विरुद्ध लड्न थप प्रेरणा र सहयोग हुने विश्वास बैंकले लिएको छ । बैंकले स्थापनाकालदेखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोगलाई निरन्तरता दिँदै जाने विज्ञप्तिमा जनाएको छ ।

प्रदेश १ लाई १० लाख सहयोग

विराटनगर । ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि प्रदेश नं. १ सरकारलाई १० लाख रुपैया सहयोग गरेको छ । बैंकको प्रदेश नं. १ प्रादेशिक कार्यालय प्रमुख सुभाष सापकोटाले प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् । मुख्यमन्त्री राईले कोरोना भाईरस (कोभिड -१९) विरुद्धको अभियानमा बैंकले गरेको यस सहयोग महत्वपूर्ण भएको उल्लेख गर्दै बैंकलाई धन्यवाद दिए । बैंकले, कोरोना भाईरसले नेपाल लगायत सम्पूर्ण विश्वलाईनै त्रसित बनाइरहेको अवस्थामा, यस योगदानबाट यो भाईरस विरुद्ध लड्न थप प्रेरणा र सहयोग हुने विश्वास लिएको छ । बैंकले स्थापनाकाल देखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ र आगामी दिनहरुमा समेत यस्तो सहयोगलाई निरन्तरता दिँदै जाने बैंकले जनाएको छ । उक्त कार्यक्रममा प्रदेश नं. १ सरकारका अर्थ तथा योजना मन्त्री इन्द्रबहादुर आइवोको पनि उपस्थिति रहेको थियो ।

मणिपुरमा अलपत्र महिलाको उद्धार

काठमाडौं । विगत नौ महिनादेखि भारतको मणिपुरमा अलपत्र परेका नेपाली महिलाहरुमध्ये २१ जनाको उद्धार गरिएको छ । दिल्लीस्थित नेपाली दूतावासको पहलमा उनीहरुको उद्धार भएको हो । मानव तस्करहरुको प्रलोभनमा परेर म्यानमारको बाटो हुँदै बेदैशिक रोजगारीका लागि खाडी मुलुक जान हिंडेका उनीहरु मणिपुरमा अलपत्र परेका थिए । उनीहरुलाई मणिपुर प्रहरीले पकाउ गरेर त्यहींको सेल्टर होममा पुऱ्याएको थियो । दूतावासले काउन्सिलर तथा प्रहरी वरिष्ठ उपरीक्षक प्रकाश अधिकारीलाई नै मणिपुरको इम्फाल पठाएको थियो । करीब दुई सातायो प्रशासनिक प्रक्रियापछि बल्ल उनीहरुको उद्धार सम्भव भएको हो । मणिपुरमा अलपत्र परेका मध्ये ५ जनाको उद्धारका लागि भने अझै समय लाग्ने भएको छ । दिल्लीस्थित दूतावासका प्रवक्ता हरि ओड़ारीका अनुसार उद्धार गरिएका २१ जना महिलाहरुलाई नै मणिपुरबाट बसमा काकडभिट्टातर्फ लगिएको छ ।

भारतसँग सम्बन्ध बिगार्न तर्फ प्रधानमन्त्री व्यस्त: थापा

काठमाडौं । राप्रपाका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री कमल थापाले प्रधानमन्त्री केपी शर्मा ओलीले 'राम भारतीय नभएको र अयोध्या ठोरीमै रहेको' भनेर दिएको अभिव्यक्ति उदपट्यांग, अपुष्ट र अप्रामाणित कुरा आउनु सर्वा उपयुक्त नभएको बताएका छन् । प्रधानमन्त्री ओलीले भारतले 'नक्कली अयोध्या' खडा गरेर सांस्कृतिक तथ्यमार्थि अतिक्रमण गरेको बताएका थिए । भगवान रामको राज्य अयोध्या नेपालको बीरगञ्जको पश्चिममा पर्ने भए पनि भारतले विवादित अयोध्या खडा गरेको उनले बताएका थिए । प्रधानमन्त्री ओलीको यस्तो अभिव्यक्ति आएपछि अध्यक्ष थापाले ट्विटरमार्फत लेखेका छन्, 'प्रमको स्तरबाट यस्ता उदपट्यांग, अपुष्ट र अप्रमाणित कुरा आउनु सर्वथा उपयुक्त छैन । भारतसंग सम्बन्ध सुधार्न भन्दा बिगार्ने तर्फ प्रमको ध्यान गए जस्तो लाग्छ । नक्सा प्रकाशित गरेर अतिक्रमित भूमी फिर्ता ल्याउने प्रयास गर्न छाडेर दुई देशको सम्बन्धमा अनावश्यक विवाद सिर्जना गर्नु राम्रो होइन ।'

विद्यापति...

यी घटनाले के देखाउँछ भने पुरस्कार वितरण अहिलेसम्म विवादमुक्त हुन सकेको छैन । एक करोड राशिको अक्षय कोषको स्थापना गरी त्यसबाट आउने ब्याजबाट कोपले पुरस्कार प्रदान गर्दै आए पनि कोषका कार्यक्रम २०७२ सालमा पूर्ण रूपमा बन्द भएको थियो । अक्षय कोषको नबीकरण नभएको कारण ब्याज आउन नसक्दा पुरस्कार वितरणलगायत कार्यक्रम पनि स्थगित भएका थिए ।

अनुसन्धानका नाममा पुरस्कार दिइएका कतिपय कृति पढ्दा विशेष अनुसन्धान नै नगरी लेखिएको देखिन्छ । यस्ता कृतिलाई पुरस्कार बाँडुन् भनेको पुरस्कारको खिल्ली उडाउनु नै रहेको मैथिली साहित्यकारहरुको धारणा छ । जस्तो कि वर्ष २०७६ मा मैथिली अनुसन्धान पुरस्कार दिनेश यादवलाई प्रदान गरिएको छ । अनुसन्धानमूलक रचनाका लागि भन्दै उनलाई एक लाख रुपैयाँको उक्त पुरस्कार प्रदान गरिएको हो । तर उनले मैथिली साहित्य र भाषाको क्षेत्रमा के अनुसन्धान गरे खुलाइएको छैन । नत्र पुरस्कृत व्यक्तिबाट नै उक्त विषयमा जानकारी गराइएको छ ।

यसले के देखाउँछ भने कोपले पुरस्कार छनोटका लागि कुनै मापदण्ड बनाएको छैन । कसलाई कुन आधारमा पुरस्कार दिइने, उसको योगदान के हो भन्नेबारे कुनै खोजीनीति नगरी आफू निकटलाई मात्र पुरस्कार प्रदान गर्दै आएको छ । अर्को उदाहरण हेरौं- २०७३ सालमा कोपले अनुवादक पुरस्कारको लागि मैथिली भाषाका अभिनेता तथा निर्देशक मुरलीधरको नाम चयन गरेको थियो/। तर उनले आफूले कुनै पनि पुस्तक नै अनुवाद नगरेकोले यस पुरस्कारको हकदार आफू नभएको भन्दै अस्वीकार गरे । त्यसैगरी कोपले चयन गरेका अन्य साहित्यकार र रचनाकारहरू पनि विधानसम्मत चयन नभएको भनी आरोप लाग्दै आएको छ । पुरस्कार वितरण प्रणाली नै अपदार्शी र अनुपयुक्त भएका कारण विभिन्न समयमा विवाद चुलिँदै जाँदा २०७३ सालमा वर्ष पुरस्कार नै भएन । पछि २०७४ सालमा सो पुरस्कार काठमाडौंमा कार्यक्रमको आयोजना गरी राष्ट्पति विद्यादेवी भण्डारीको हातबाट प्रदान गरिएको थियो ।

कोपले प्रदान गर्दै आएको पुरस्कार वितरणलगायतमा पनि नातावाद कृपावाद बढ्दो छ । जसको कारण भाषाका सच्चा अनुयायी र यसको विकासमा अनवरत लागिपरे काहरू निरुत्साहित हुने अवस्थामा पुगेका छन् । पुरस्कार पाउने होडबाजीमा कतिपय लेखकले पुस्तक लेखन गरेर पुरस्कार दावी गर्ने होडमा छन् र कोपले पनि त्यसकै आधारमा पुरस्कार दिँदै आएको छ तर ती व्यक्तिको पुस्तकको गुणात्मक तिर कोपको ध्यान जाँदैन । अनुसन्धानका नाममा पुरस्कार दिइएका कतिपय कृति पढ्दा विशेष अनुसन्धान नगरिएको स्पष्ट देख्न सकिन्छ । यस्तोमा उत्कृष्ट अनुसन्धानकर्ता भनेर पुरस्कार बाँडुन् पुरस्कारको खिल्ली उडाए सरह नै हो ।

राजनीतिक दृष्टिकोणबाट प्रभावित भएर पुरस्कारहरू दिइनुकै कारण सांच्चै इमानदारितापूर्वक आफ्नो लेखनलाई अगाडि बढाइरहेका रचनाकारहरू विमुख हुँदै गएका छन् । भाषा विकासका लागि कुनै रचना नै नलेखेका व्यक्तिसमेत अहिले पुरस्कारका हकदार बनेका छन् । तिनले कसरी मैथिली भाषा र साहित्यको सेवा गर्छन् ।

यति मात्र होइन, कतिपय लेखकले पुरस्कारकै लोभमा अस्तित्वमै नआउने खालका पुस्तकहरूसमेत प्रकाशन गरिरहेका छन् र कोपले पनि उही व्यक्तिलाई चिन्दै आएको छ ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : डा.राजेश अधिराज, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : थिम्ले अफसेट प्रेस, काठमाडौं